| ध्यानबहादुर राई | दि.रु.म. न.पा.- १ | ,, |

## अनुसूची-२

सञ्चालक समितिको पदाधिकारी तथा सदस्यहरूको नामावली

| नाम | पद | कैफियत |
|---|---|---|
| दुर्गाजयन्ती राई | अध्यक्ष | निर्वाचित |
| पूर्णराज राई | उपाध्यक्ष | निर्वाचित |

| | | |
|---|---|---|
| प्रकाशकुमार श्रेष्ठ | सदस्य | निर्वाचित |
| ध्यानबहादुर राई | सदस्य | निर्वाचित |
| दिनेशकुमार घिमिरे | सदस्य | निर्वाचित |
| रामबहादुर बजगाई | सदस्य | निर्वाचित |
| टीका खत्री | सदस्य | निर्वाचित |
| तीर्थराज भट्टराई | सदस्य नगर प्रमुख-दि.रु.म. न.पा. | पदेन |
| उत्तमसिं राई | सदस्य त्रि.वि. प्रतिनिधि | पदेन |
| ध्रुवविक्रम राई | सदस्य (वडाध्यक्ष-दि.रु.म. न.पा.-२) | पदेन |
| राजनप्रसाद आचार्य | सदस्य(अध्यक्ष-खो.उ.बा.संघ) | |
| | पदेन | |
| लालप्रसाद घिमिरे | सदस्य(अध्यक्ष-प्राध्यपक संघ, क्याम्पस इकाइ) | |
| | पदेन | |

## अनुसूची-३

**Faculty Members**

| S. No. | Name | Designation | Full time/Part ime | Faculty | Subject | M_Number |
|---|---|---|---|---|---|---|
| 1 | Hira kumar Rai | Campus Chief/Reader | Full timer | Humanities | Political Sc. | 9862976358 |
| 2 | Krishna Bahadur Rai | Asst. Campus Chief/Reader | Full timer | Education | English Edu. | 9842877107 |
| 3 | Harka Bir Rai | Asst. Campus Chief/Reader | Full timer | Management | Management | 9849188041 |
| 4 | Bimala Rai | Lecturer | Full timer | Humanities | English | 9825775111 |
| 5 | Sher Bahadur Tamang | Reader | Full timer | Humanities | Economics | 9825713011 |
| 6 | Ram Prasad Rai | Reader | Full timer | Education | Nepali Edu. | 9741127423 |
| 7 | Dhanakarna Shrestha | Reader | Full timer | Education | Nepali Edu. | 9842877144 |
| 8 | Lal Prasad Ghimire | Lecturer | Full timer | Education | English Edu. | 9842877953 |
| 9 | Bijaya kumar Rai | Lecturer | Full timer | Management | Management | 9842906149 |
| 10 | Padam Bahadur Bista | Lecturer | Full timer | Education | Math. Edu. | 9843287652 |
| 11 | Rabin Sunuwar | Assistant Lecturer | Full timer | Management | English Edu. | 9862852709 |
| 12 | Shyam Kumar Rai | Assistant Lecturer | Full timer | Education | English Edu. | 9849209118 |
| 13 | Bedi kumar Rai | Assistant Lecturer | Full timer | Humanities | Nepali | 9842932790 |
| 14 | Lila Bahadur Khatri | Assistant Lecturer | Full timer | Education | Population Edu. | 9842849306 |

| S. No. | Name | Designation | Full time/Part ime | Faculty | Subject | M_Number |
|---|---|---|---|---|---|---|
| 15 | Dewa Kumar Rai | Assistant Lecturer | Full timer | Humanities | Sociology | 9862619050 |
| 16 | Dhruba Shrestha | Assistant Lecturer | Full timer | Humanities | Sociology/ Antho. | 9841313152 |
| 17 | Shankar Thapa | Assistant Lecturer | Full timer | Management | Management | 9841216613 |
| 18 | Krishna Bahadur Rai | Assistant Lecturer | Part time | Humanities | Law | 9851063569 |
| 19 | Krishna Bahadur Gurung | Assistant Lecturer | Part time | Humanities | Sociology | 9862620021 |
| 20 | Parjun Rai | Assistant Lecturer | Part time | Education | Nepali Edu. | 9842849343 |
| 21 | Naindra Kumar Khatri | Assistant Lecturer | Part time | Education | Nepali Edu. | 9824849008 |
| 22 | SanjibThapa | Assistant Lecturer | Part time | Management | Management | 9842905607 |
| 23 | Chitra Kumar Subedi | Assistant Lecturer | Part time | Education | EPM | 9862978253 |
| 25 | Kalpana Rai | Assistant Lecturer | Part time | Humanities | Sociology | 9862799933 |
| 26 | Min Kumar Dahal | Assistant Lecturer | Part time | Humanities | Economics | |
| 27 | Subash Chandra Rai | Assistant Lecturer | Part time | Humanities | Economics | |
| 28 | Laxmi Kumar Rai | Assistant Lecturer | Part time | Humanities | Economics | 9851234523 |

अनुसूची-४

## Non Teaching Staffs

| S. N. | Name | Designation | Remark | Mobile No. |
|---|---|---|---|---|
| 1 | Chuda Bahadur Karki | Accountant | Full time | 9852849538 |
| 2 | Gopal Dahal | Book Checker(Mukhia) | Full time | 9842987012 |
| 3 | Sanjib Khadka | Asst. Computer Operator | Contract | 9852849108 |
| 4 | Milan Chamling Rai | Asst. Computer Operator | Contract | 9860004042 |
| 5 | Ram Chandra Rai | Exam Asst. (Mukhia) | Contract | 9842906055 |
| 6 | Bed Maya Basnet | Administration | Contract | 9819022220 |
| 7 | Yubaraj Rai | Office Assistant | Full time | 9840393158 |
| 8 | Dhan Bahadur Darji | Office Assistant | Full time | 9861195020 |

अनुसूची-५

भवन तथा कक्षाकोठाको विवरण

| क.सं. | भवनको किसिम | भवनको संख्या | कोठा संख्या | प्रयोजन |
|---|---|---|---|---|
| १ | एक तले कच्ची शैक्षिक भवन | ४ | ८ | कक्षा सञ्चालन |
| २ | भू-कम्प ब्लक | ३ | ६ | कक्षा सञ्चलन/स्टोर |
| ३ | २ तले पक्की भवन | २ | १० | कक्षा सञ्चालन |

| | | | | |
|---|---|---|---|---|
| ४ | २ तले पक्की भवन | १ | १० | प्रशासनिक र कार्यक्रम हल |
| ५ | २ तले पक्की भवन | १ | ४ | पुस्तकालय/अध्ययन कक्षा |
| ६ | १ तले कच्ची भवन | १ | २ | कम्प्युटर ल्याव/ई-लाइब्रेर र स्टाफ रुम |
| ७ | एक तले कच्ची भवन | १ | २ | अध्ययन कक्षा |
| ८ | एक तले कच्ची भवन | १ | २ | फस्ट एड रुम र स्ववियु |
| ९ | एक तले कच्ची भवन | १ | १ | चमेना गृह |
| १ | एक तले कच्ची भवन | १ | १ | सभाहल |
| १० | एक तले कच्ची भवन | २ | १६ | छात्रावास (६ वटा कोठा मात्र प्रयोग योग्य) |

फर्निचरको विवरण:

| क्र.सं. | विवरण | संख्या | प्रयोजन | कैफियत |
|---|---|---|---|---|
| १ | डेस्क-बेन्च (फलाम र काठबाट निर्मित) | | | |
| | १६१ जोर | कक्षाकोठाको लागि | प्रदेश सरकार तथा दि.रु.म. न.पा.को सहयोग अनुदान | |
| २ | डेस्क-बेन्च (फलाम र काठबाट निर्मित) | २७ जोर | कक्षाकोठाको लागि | क्याम्पस, UGC, वाल सेवा समाज |
| ३ | काठको डेस्क | १८० | | |
| ४ | काठको बेन्च | १६६ | | |
| ५ | अफिस टेबल | २१ | | |
| ६ | काठको ऱ्याक | १८ | शिक्षण समिति/रिडीङ रुम/पुस्तकालय | |
| ७ | खाट | १६ | (छात्राबास र अतिथि) | अतिथिका लागि २ वटा कोठा |
| ८ | लञ्ज चियर(फलाम र काठबाट निर्मित) | २३ | स्टाफ रुम समेत | सामुदायिक तथ सँस्थागत विद्यालयको सहयो समेत |
| ९ | टेवल सादा | १६ | स्टाफ रुम समेत | |
| १० | काठको दराज | १२ | | |
| ११ | स्टिल दराज | ४ | | |
| १२ | सोफा सेट | १ | | |
| १३ | सोफा | ३ | | |
| १४ | टि-टेबल | ६ | | |
| १५ | सेक्रेटरी टेबल | १ | | |
| १६ | कम्प्युटर टेबल | ११ | | |
| १७ | डबल दराज | ९ | | |
| १८ | रिभल्बिङ चियर | ९ | | |

| | | | | |
|---|---|---|---|---|
| १९ | स्टिल र्‍याक | २१ | पुस्तकालय | |
| २० | एटेच टेबल | ५ | कार्यक्रम हल तथा छलफल गर्ने कोठा | |
| २१ | काठको कुर्सी | ५९ | | |
| २२ | प्लास्टिक कुर्सी | १६० | | |
| २३ | ह्वाइट बोर्ड | १७ | | |
| २४ | सूचना पाटी | ४ | | |

मेसिनरी तथा विद्युतीय सामान

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | डेस्कटप कम्प्युटर | ३९ | |
| २ | ल्यापटप | ७ | |
| ३ | डिजिटल बोर्ड | १ | |
| ४ | डिजिटल बोर्ड ठूलो | १ | कक्षा कोठाको लागि |
| ५ | सि.सि. टि.भि. | १ | |
| ६ | सि.सि. क्यामेरा | ११ | |
| ७ | सि.सि. टि.भि. DVR | १ | |
| ८ | प्रिन्टर | ७ | |
| ९ | कार्ड प्रिन्टर | १ | |
| १० | बिल प्रिन्टर | १ | |
| ११ | सोलर-पाता, व्याट्रि, इन्भर्टर सेटण | १ | २ किलोवाट उर्जाबाट प्राप्त |
| १२ | सद्यलर पाता | २ | |
| १३ | इन्भर्टर | २ | |
| १४ | क्यामेरा | १ | |
| १५ | साउण्ड सिस्टम सेट | १ | कार्यक्रम हलमा |
| १६ | हेडसेट | ४ | |
| १७ | प्रोजेक्टर | ६ | |
| १८ | बुक रिडर डिभाइस | १ | पुस्तकालय |
| १९ | सरबर (कम्प्युटर) | १ | |

अन्य सामग्री

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | हिलटेक | ५ | |
| २ | हिलटेक स्ट्याण्ड | २ | |
| ३ | राडी चकटि | ११ | |

| | | | |
|---|---|---|---|
| ढ | प्लेट चम्चा सेट | ३० | |
| छ | इलेक्ट्रीक केट्ली | २ | |
| ६ | गैति | | |
| ७ | झम्पल | | |
| ८ | कोद्लो | | |
| ९ | बेल्चा | | |
| १० | कोदालो | | |

पुस्तक विवरण

| विवरण | संख्या | कैफियत |
|---|---|---|
| साधारण | १३,३२० | विद्यार्थीका लागि |
| रिफेरेन्स् | ९,२५८ | सबैका लागि |

## अनुसूची-६

## पूर्व विद्यार्थी मञ्च-दिक्तेल बहुमुखी क्याम्पस

## मञ्चका पदाधिकारी सदस्यहरूको विवरण

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | डा.धनप्रसाद सुवेदी | अध्यक्ष |
| २ | श्री बिमला राई तिलुङ | उपाध्यक्ष |
| ३ | श्री दानबहादुर राई | उपाध्यक्ष |
| ४ | श्री राजेन्द्र राई | उपाध्यक्ष |
| ५ | श्री युबराज रिजाल | सचिव |
| ६ | श्री फूर्वा शेर्पा | कोषाध्यक्ष |
| ७ | प्रभास उदास | सह-सचिब |
| ८ | श्री खगेन्द्र राई | सदस्य |
| ९ | श्री धनकुमार तामाङ | सदस्य |
| १० | नारायण प्रसाद ढकाल | सदस्य |
| ११ | दिलकुमार खड्का | सदस्य |
| १२ | बम बानिया | सदस्य |
| १३ | सपना राई | सदस्य |
| १४ | काजी बस्नेत | सदस्य |
| १५ | राजकुमार राई | सदस्य |
| १६ | इरान राई | सदस्य |

# दिक्तेल बहुमुखी क्याम्पस को Quality Assurance and Accreditation (QAA) यात्रा एक संक्षिप्त चर्चा

**हर्कबीर राई**
**स. क्या. प्रमुख तथा**

गुणस्तरीय शिक्षा प्रदान गर्नु उच्च शैक्षिक संस्थाहरुको आजको आवश्यकता हो । सीपयुक्त, कमाउँदै शिक्षा, पढ्दै सिक्दै, सर्वाङगीन विकास जस्ता कुराहरु शिक्षासँग जोडिनुपर्छ । विद्यार्थी मैत्री, प्रविधिमैत्री, आधुनिक शिक्षण विधि बाट शिक्षण सिकाइ कृयाकलाप सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्नुपर्दछ भन्ने विश्वविद्यालय अनुदान आयोग (UGC) को लक्ष्य छ । यसै सन्दर्भमा उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने केन्द्रको रुपमा विकास गर्न UGC ले विश्व विद्यालय अनुदान आयोग मार्फत QAA Division स्थापना गरी वि.सं. २००७ देखि "गुणस्तर सुनिश्चितता र प्रत्ययास QAA प्रदान गर्दै आइरहेको छ । यो प्रकृयामा संलग्न उच्च शैक्षिक संस्थाहरुमा धेरे राम्रो सुधारको थालनी भएको र विद्यार्थीमैत्री शिक्षामा अगाडि बढी रहेको पाइन्छ । तर QAA प्राप्त गर्नु सजिलो कार्य पक्कै होइन रहेछ । थुप्रै थुप्रै मापदण्डहरु पूरा गरी प्रत्यक्ष रुपमा विज्ञ समुहबाट अनुगमन मुल्यांकन गरी संगठीत र व्यवस्थित प्रकृयागत ढंगबाट संस्था अगाडि बढ्न सकेमात्र यसको लागि योग्य हुने देखिन्छ । QAA को यात्रा तय गरी प्राप्त गर्न UGC-QAA Division ले निम्न चरणहरु पार गर्नुपर्ने उल्लेख गरेको छ ।

चरण १ : उच्च शैक्षिक संस्थाले Letter of Intent (LOI) को लागि Document तयार पार्नुपर्ने ।

चरण २ : LOI लाई Educational Quality Assurance and Accredidation Council (EQAAC) मा बुझाउनुपर्ने ।

चरण ३ : LOI को Document मा Eligibility Test

चरण ४ : LOI Approved (EQAAC) बाट

चरण ५ : विभिन्न समितिहरु IQAC/SAT ........... गठन, निर्देशीकाहरु निर्माण, कार्ययोजना निर्माण कार्यान्वयन गरी विभिन्न Criteria हरु अन्तर्गत प्रश्नहरुको समाधान ।

चरण ६ : Self study Report (SSR) तयारी

चरण ७ : SRR लाई (EQAAC) मा बुझाउने ।

चरण ८ : Technical Committee बाट SSR को Review

चरण ९ : SSR मा Feedback/ Review

चरण १०: Technical Committee बाट SSR Approved

चरण ११ : EQAAC बाट Peer Review Team PRT गठन

चरण १२ : PRT बाट Pre visit

चरण १३ : PRT बाट Recommendation

चरण १४ : PRT लाई Response Report

चरण १५: Response Report मा फेरी Feedback

चरण १६ : PRT को Final Visit

चरण १७: PRT बाट Recommendation

चरण १८: Response Report of Recommendation

चरण १९: QAA Cycle Complete

चरण २०: Accreditation/ not Accreditation

यसै सन्दर्भमा दिक्तेल बहुमुखी क्याम्पसले QAA प्राप्त गर्न गरेको प्रयास तथा यात्रालाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

१. वि.सं. २०७३ मा LOI प्राप्त

LOI प्राप्त गरिसकेपछि थप अगाडि बढ्न २०७५ साल असोज महिनामा क्याम्पस प्रमुखको नेतृत्वमा ७ दिने QAA अध्ययन भ्रमणमा QAA प्राप्त क्याम्पसहरु को भ्रमण गरियो ।

क) त्रियुगा जनता बहुमुखि क्याम्पस, गाइघाट

ख) सुकुना बहुमुखी क्याम्पस, मोरङ

ग) दमक बहुमुखी क्याम्पस, दमक

घ) महेन्द्र रत्न क्याम्पस, इलाम

२. भ्रमणबाट फर्केपछि क्याम्पसमा बृहत स्टाफ बैठक संचालक समितिसहित बसेर SRR प्रतिवेदन तयार पार्न निम्न समितिहरु गठन गरियो ।

क) Internal Quality Assurance Commit (IQAC)

ख) Self Assessment Team (SAT)

ग) Research Management Committee (RMC)

घ) Library & Computer Management Committee

ङ) Academic and Counseling Committee

च) Public Information, Relation and Publication Committee

छ) EMIS

ज) Placement, cancer course ling & Consultancy committee

झ) Infrastructure, Nature and health Care Committee

ञ) Grievance Redress Mechanism (GRM)

ट) Examination and Scholarship Committee

ठ) Canteen Management Committee

माथी उल्लेखित विभिन्न समिति तथा उपसमितिहरु गठन भइसकेपछि :(Main Activities) निम्न कार्यहरु सम्पन्न गरियो ।

१. सम्पूर्ण समितिहरुको निर्देशिका निर्माण
२. सम्पूर्ण समितिहरुको Action Plan र बजेट निर्माण
३. Action plan र बजेट अनुसार कार्यान्वयन
४. Operation र Academic Calendar निर्माण
५. अतिरिक्त र Remedial कक्षा सञ्चालन
६. बैंक इन्टनसीपको अनिवार्य व्यवस्था
७. स्नातक र स्नातकोत्तर मा भर्ना अघि प्रवेश परीक्षा सञ्चालन
८. आन्तरीक परीक्षाको व्यवस्था
९. कम्प्युटर ल्याबको व्यवस्था (५०+)
१०. E library Corner को व्यवस्था
११. प्राय सबै कक्षाकोठामा Projector जडान
१२. २००+ जोर नयाँ विद्यार्थी फर्निचरको व्यवस्था
१३. क्याम्पस आंशिक घेराबार
१४. सुविधा सम्पन्न Reading Room ६०+ विद्यार्थीको लागि व्यवस्था ।
१५. प्रशासनिक भवन र कार्यक्रमहरुको व्यवस्था
१६. लेखा, परीक्षा, प्रशासन, पुस्तकालयमा Software को प्रयोग
१७. लेखामा बैकिङ कारोबार
१८. पर्याप्त मात्रामा पुस्तक, जर्नल खरीद
१९. चमेनागृहको व्यवस्था
२०. खेलकुद सामाग्रीको व्यवस्था
२१. थप कक्षाकोठा भवन निर्माण
२२. Student Quality

Circle Group को गठन र सकृय

२३. प्राथमिक स्वास्थ्य सेवा सुविधा
२४. दैनिक पाठयोजना र Teaching plan
२५. त्रैमासिक Academic Audit को व्यवस्था
२६. युवा रेडक्रस गठन र विभिन्न कार्यक्रम
२७. फूलबारी र १४००+ चिया रोपाई
२८. नियमित प्राध्यापक कर्मचारी तालिम
२९. नियमित अनुसन्धान कार्यशाला
३०. नियमित Peer Reviewed Research Journal प्रकाशन
३१. Mini Research with Grants
३२. Calendar अनुसार विद्यार्थीहरुलाई विभिन्न अतिरिक्त कृयाकलापमा सहभागी

३. दिक्तेल बहुमुखी क्याम्पसले SSR Report तीन वर्ष लगातार प्रयास गरी २०७६ साल मंसीर ३० गते UGC, QAA Division मा बुझाउन सफल भईयो ।

४. SRR Report Technical Committee बाट स्वीकृत/ Approved भई २०७७ साल मंसीर ५ गते Peer Review Term (PRT) गठन गरेको ।

Co-ordinator : Prof . Dr . Basu Dev Kafle
Member : Prof . Dr . Bijaya Silwal
Member : Prof . Dr . Tara Chitrakar

Member: Staff of EQAAC

५. २०७८ माघ २२-२४ मा पहिलो Pre-visit PRT को सम्पन्न भयो जसले ६७ बुँदे सुझाबहरु प्रस्तुत गर्‍यो ।

६. PRT को सुझाबको Response Report २३ भाद्र २०७८ मा फेरी UGC मा बुझाइयो ।

७. पुन UCG -QAA Division ले १३ बुँदे Feedback पूरा गर्नको लागि आयो ।

८. पुन १६ पेजको Feedback Response Report UGC मा बुझाइयो ।

९. अन्तमा २०८० जेष्ठ २८-३२ मा PRT Final visit सम्पन्न

१०. पुन : २०८० भदौ ३० गते सो Final Visit Response Report QAA Division मा बुझायौं ।

अब यो अवस्थामा आइपुग्दा दिक्तेल बहुमुखी क्याम्पसले QAA Cycle Complete गरेको देखिन्छ। निकट भविष्यमा Long Term Recommendation लाई पुरा गर्दै गर्दा QAA Certified हुनेमा हामी विश्वस्त छौ । यदि यो क्याम्पसले QAA प्राप्त गरेमा पूर्वी पहाडी जिल्लाहरु खोटाङ, भोजपुर, ओखलढुंगा, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ जिल्लाको अग्रणी उच्च शैक्षिक संस्थाको रुपमा स्थापित हुनेछ ।

## गजल

यहाँसम्म आईपुगेछु समयलाई पार गरेर
कति सपना अधुरै त कतिलाई साकार गरेर ।
आज नयाँ बन्न कोशिस गरिरहेछु
पुरानै जिन्दगीलाई मर्मत सम्भार गरेर ।
यो मन माया गरिरह्यो याद गरिरहन्छ
गएको थियो जो यो दिलमा प्रहार गरेर ।
म नदी हुँ समुन्द्रसम्म गन्तव्य छ
पोखिएर सेलाएर जाने छैन हतार गरेर ॥

**–विबेश खड्का**
**बी.एड. दोस्रो वर्ष**

# गरिवीको अर्थ, गरिवी तथा असमानताका कारणहरु (Meaning of Poverty Causes Of Poverty and Inequality)

S . B . Tamang, (Reader)

## परिचय (Introduction)

विश्वका धेरै विकासशिल देशहरुमा ,गरिवी असमनाता, बेरोजगारी र मानव संसाधन विकास सवैभन्दा ठूलो समस्या र चुनौतीको रुपमा रहेको छ। त्यसैले आर्थिक विकासको मूख्य उद्देश्य गरिवी,असमानता र बेरोजगारी घटाउनु र मानव संसाधनको विकास गर्ने हुनुपर्दछ। उत्पादनका सम्पूर्ण साधनहरु मानव संसाधनबाट परिचालित हुने भएकोले, गरिवी असमानता र बेरोजगारी न्युनीकरण गर्ने कार्य मानव संसाधनबाट मात्रै सम्भव हुन्छ। अन्तराष्ट्रिय गैरसरकारी संस्था,राष्ट्रिय गैह्र सरकारी संस्था बहुपक्षीय र एकपक्षीय एजिन्सीहरुले गरीव देशहरुमा गरीवी, असमानता र वेरोजगारीको समस्या हल गनै मानव पूँजीको निर्माण गर्ने वा मानवका ज्ञान, सिप क्षमताको विकासका क्षेत्रमा काम गरिरहेका छन्। धेरै जसो गरीव देशहरुको अर्थिक विकासको मूख्य उद्देश्य गरीवी र असमानता र वेरोजगारीको समस्या हल गर्ने र मानव संसाधनको विकास गर्ने हुन्छ त्यसैले यहाँ गरीवी तथा असमानता कारणहरुको वारेमा चर्चा गरिएको छ।

## गरीवीको अर्थ (Meaning Of Poverty)

विशेषगरी न्यूनतम स्तरको पनि जिवन निर्वाह गर्न नसक्ने अवस्थालाई गरिवी भनिन्छ। अथवा न्यूनतम आधारभुत आवश्यकताहरु गाँस, बाँस, शिक्षा, स्वास्थ्य आदि पुरा गर्नको लागी आवश्यक पर्ने आम्दनी भन्दा न्यून स्तरको आम्दनी छ भने त्यसलाई गरिवी भनिन्छ।

Workd Bank का अनुसार गरिवी अपर्याप्त आम्दानी वा मानव विकास मात्रै नभएर कमजोर, आवाजहिन शतिहिन र प्रतिनिधित्व विहिन अवस्था हो,

आमान्य सेन Amaty san को अनुसार गरिवी न्यून स्तरको आम्दानी मात्र नभएर आधारभूत अधिकारवाट वञ्चित हुनु हो,

निष्कर्षमा गरिवी न्यून वा अपर्याप्त आम्दनी मात्र नभएर अशिक्षा कुपोषण, रोग सामाजिक सुविधाहरु जस्तै स्वास्थ्य सेवा स्वच्छताको अभाव सामाजिक तथा राजनैतिक प्रतितिधित्व र प्रतिष्ठाको अभावको अवस्था हो।

गरिवीलाई दुई प्रकारले व्याख्या गर्न सकिन्छ :-

१ निरपेक्ष गरिवी **(Absolute Poverty)**

निरपेक्ष गरिवी त्यस्तो अवस्थालाई भनिन्छ जहाँ मानिसहरुले गाँस वास कापस शिक्षा स्वास्थ्य जस्ता आधारभूत आवश्यता पुरा गर्न सकेको हुदैन। त्यसैले मानिसहरुलाई आफ्नो न्यूनतम जीवन स्तर प्राप्त गर्न नसक्नुलाई निरपेक्ष गरिवी भनिन्छ। आधारभूत आवश्यकता पुरा गर्नको लागी आवस्यक पर्ने आम्दनी गरिवीको रेखा हो यदि कुनै व्यक्तिको आम्दनी गरिवीको रेखामुनि छ भने

यसलाई नै निरपेक्ष गरिवी भनिन्छ । नेपालमा हाल करीव १९% मानिस गरिवीको रेखामुनी बाच्न बाध्य छन् ।

नेपालको सन्दर्भमा गरिवीको रेखालाई व्यक्तिले प्रति दिन प्राप्त गर्ने क्यालोरीको आधारमा मापन गरिन्छ । एक जान नेपालीले सामान्य रुपमा बाँच्नको लागी प्रतिदिन औसत रुपमा २१४४ क्यालोरी शक्ति खानाबाट प्राप्त गर्नु पर्दछ । यदि खानाबाट प्राप्त शक्ति २१४४ क्यालोरी भन्दा कम छ भने त्यो अवस्था नै निरपेक्ष गरिवी हो । विश्वबैकको २०१६ मा प्रकासित गरेको प्रतिवेदन विश्व विकास सूचकाङ अनुसार नेपालमा प्रति दिन आम्दानी यु.एस. डलर १.९० भन्दा कम हुने जनसंख्या १५% रहेको छ । यसलाई अन्तराष्ट्रिय गरिवीको रेखा मानिन्छ ।

### २, सापेक्षा गरिवी (Relative Poverty)

मानिसहरुसंग वाँच्नको लागी पर्याप्त आम्दानी हुन्छ तर समुदाय र अन्य देशहरुको आम्दानी र जीवनस्तरको तुलनामा कम हुन्छ भेन त्यसलाईं सापेक्ष गरिवी भनिन्छ । त्यसैले सापेक्ष गरिवी भन्नाले कुनै पनि देशको औसत आम्दानी विश्वको औसत आम्दानी भन्दा कम हुनु हो नेपाल जस्तो विकासशील मुलुकहरुमा सापेक्ष गरिवी भन्दा निरपेक्ष गरिवी विकाराल समस्याको रुपमा खडा भएको छ र देशको चुनौती पनि निरपेक्ष गरिवीको न्यूनीकरण गर्नु रहेको छ ।

व्रिटिस समाजशास्त्री पिटर टाउनिसण्डले गरिवीलाई यसरी परिभाषित गरेको छन गरिवी भनेको गरिवी नापिने समाजमा प्रचालित वा व्यापक रुपमा स्वीकारिने क्रियाकलापहरुमा सहभागी हुनु र जीवन स्तर भोगन आवश्यक साधनहरुको अभाव हुनु हो । प्रति दिन १ डलर गरिवी रेखाको सट्टा प्रयोग गर्दा यस्तो असर पाइन्छ कि अव उच्च औसत उपयोग भएका क्षेत्रहरुमा पनि बढी उच्च गरिवी पाईन्छ ।

## गरिवीको र असमानताका कारणहरु (Meaning of Poverty and Inequality)

हाल विश्वका केहि मुलुकहरुलाई छोडेर धेरै जसो मुलुकहरुलाई गरिवीको कुचक्रले सताएको छ । अशिक्षा वेरोजगारी, अस्वस्थ्य वासस्थान, औषधि मुलोको अभाव कुपोषण जस्ता आर्थिक सामाजिक खरावीहरुले एसिया अफ्रिका माध्यपूर्वका मुलुकहरु र ल्याटिन अमेरीकी मुलुकहरुमा जरा गडीसकेको अवस्था छ । विश्व एकातिर अन्तरिक्षमा प्रवेश गरि सकेको छ भने अर्कोतिर विश्वका धेरै मुलुकहरुमा व्यप्त भयावह गरिवीले विकासलाई चूनौती दिइरहेको छ । विश्वमा धेरै मानिसहरु निरपेक्ष गरिवीको रेखामुनि रही जीवन यापन गर्न वाध्य भएका छन् । यस्तो व्यप्त गरिवी र असमानताका कारणहरुलाई बुदागत रुपमा निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

## १, साधनहरुको अल्प उपयोग वा दुरुपयोग (Under Utilization or Misutilization of Resource)

विशेष गरि अल्पविकासित देशहरुमा उपलव्ध भएका साधन र स्रोतहरु वढ्दो जनसंख्याको कारणले यात वढि उपयोग भएका छन यात कम उपयोग भएको छन् वनजंगल र खनिज पदार्थहरुको अत्यधिक शोषणले अल्पविकसित मुलुकहरुमा विभिन्न प्राकृतिक प्रकोपहरुको सामना गरि रहनु

परेको छ भने कतिपय मुलुकहरुमा आफ्नै देशमा सहज प्राप्त भएका प्रकृति प्रदान उपहारहरु जस्तो नदि, नाला वनजंगल, खनिज पदार्थ आदि पुँजी वा प्रविधिका अभावले उपयोग हुन सकेको छैन । त्यसकारण अल्पविकासित मुलुकहरुमा उच्च गरिवी र असमानतामा वृद्धि हुन पुगेको छ ।

## २, परम्परातग कृषि प्रणाली (Traditional Agriculture System)

विकासोन्मुख देखका मानिसहरुले प्रमुख पेशाको रुपमा कृषि व्यवसायलाई अगंलिका हुन्छन् । तर आधुनिक तरिकाले कृषि व्यवसाय संचालन भएको छैन । कृषि कार्य पुरानै परम्परातग ढंगले गरिन्छ । कृषि पूवाधारहरु जस्तै सिंचाई, यन्त्र उपकरण, उन्नत वीउ विजन, किटनाषक औषधी, रसायनिक मल, कृषि वजार, संगठन, कृषि यातायात, कृषि ऋण, प्रविधिक ज्ञानको अभाव, आदि कारणले कृषि उत्पादन घट्दा आम्दानी घट्छ र गरिवीको चपेटावाट कृषकहरु बाहिर निस्कन सक्दैन । समाजमा कृषि योग्य जमिन को असमान वितरण पनि रहेकोले उच्च गरिवी र असमानताको खाडल झन फराकिलो हुदै गएको छ ।

## ३, उच्च जनसंख्या बृद्धि (High Growth Rate of Population)

विकासोन्मुख देशको जनसंख्या बृद्धिदर विकसित देशहरुको तुलनामा निकै वढि भएको कारणले तिनिहरुको आर्थिक वृद्धिदरले बद्दो जनसंख्यालाई भोग्न गाह्रो भईरहेको छ। बृद्धि जनसंख्यालाई पालनपोषणमा आम्दानीको ठूलो हिस्सा खर्च भएपछि वचत, लगनी तथा पूँजी निर्माण दर कम भए पछि लगानी कम हुन्छ । उत्पादन क्षमता कम हुन्छ, उत्पादन कम भए पछि आम्दानी कम हुन्छ र शिक्षा स्वास्थ्य लगायत अन्य सामाजिक सुविधाहरु खरिद गर्न नसक्ने अवस्थाभित्र पुगि गरिव गरिवी नै रहने र धनी धनी दिन प्रतिदिन धनि बन्दै जाने सम्भावना रहि गरिवी र असमनता वीच झन खाडल फराकिलो बन्दै जाने अवस्था रहन्छ ।

## ४, आधारभूत सेवा सुविधाहरुको अभाव तथा विलासिलाका वस्तुहरु औइरो (Lack of Basic faculties And Influx of Luxuries Goods)

गरिव देशका मानिसहरुले शिक्षा स्वास्थ्य खानेपानि दाल चामल नुन तेल लत्ताकपडा जस्ता सेवाहरु पर्याप्त मात्रामा उपयोग गर्न पाइरहेका छैनन् भने यसको ठिक उल्टो अनावश्यक विलासिताका विदेशी वस्तुहरु जस्तो महंगो मोवाइल, गाडी, फ्रेज, टि.भी., गरगहना, चुरोट, मदिरा जस्ता वस्तुहरुको आयात वढी रहेको हुन्छ । यसले गर्दा आफ्नो देशको संचित विदेशी मुद्रा खर्च हुन्छ, व्यापार सन्तुलनमा असन्तुलन हुन्छ । जस्ले गर्दा अल्पविकासित मुलुकहरुको आर्थिक विकास माथि नराम्रो असर परि रहेको हुन्छ ।

## ५, पूँजिको अभाव (Lack of Capital)

गरिबीको देशहरुमा पुँजीको अभाव हुनु पनि गरिवीको प्रमुख कारण हो । गरिव देशका आदि मानिसहरु गरिवीको चपेटामा परेर न्यून जीवन व्यातित गरिरहेका हुन्छन् जसले गर्दा मानिसहरु पूँजि निर्माणको लागी बचत हुन सक्दैन न्यून बचतको कारणले लगानी कम हुन जान्छ उत्पादन घट्न गई आम्दानि कम हुन को साथै बचत न्यून हुन जान्छ। धेरै जसो गरीव मुलुकहरुमा GDP को १० प्रतिशत मात्रै बचत हुने गर्दछ ।

## ६, राजनैतिक तथा प्रशासनिक कमजोरी (Political and Administrative Weakness)

प्राय जस्तो गरिव देशहरुमा राजनैतिक तथा प्रशासनिक संरचनामा स्थाइत्व हुदैन राजनैतिक परिवर्तनको प्रकृया संक्रमण कालमै रुपमा गुज्रिरहेको हुन्छ। आर्थिक बिकासको लागी सक्षम सक्तिशाली राजनैतिक शक्तिको अभाव रहन्छ । आर्थिक उन्नति नभएपछि मानिसहरु गरिवीको कुचङकमा रहन बाध्य हुन्छन् ।

## ७, लैंगिक असमानता (Gender Discrimination)

गरीव देशहरुमा लैङ्गगिक असमताले व्यापक स्पमा जरा गाडेको हुन्छ । महिला र पुरुष वीच असमानता विधमान रहन्छ । सामाजिक धार्मिक साँस्कृतिक मान्यताका कारणले गर्दा आर्थिक कृयाकलापमा महिलाको सहभागिता ज्यून रहन्छ । प्राय देशहरुमा पुरुष प्रधानता रहने हुदा हरेक परीवारमा महिलाको सहभागिता आम्दानीको स्तर न्यून हुने भएकोले त्यस्ता देशहरुमा गरीव र असमानता व्यापक रुपमा रहेको हुन्छ ।

गरीव मुलुकहरुमा गरीवी र असमानताका यति धेरै कारणहरु रहेता पनि गरीवी र असमानतालाई हटाउन नसकिने भन्ने चाँही होइन देशमा लगानीमा वृद्धि गरेर ग्रामीण क्षेत्रको विकास गरेर उपलव्ध साधन स्रोतको परिचालन गरेर आधुनिक कृषि प्रणली अपनाएर लैंगिक असमानता कम गरेर रोजगार मुल शिक्षा प्रणलीको विकास गर्न सकेमा गरीवी उन्मुलन भई देश आर्थिक उन्नती तर्फ अग्रसर हुन्छ ।


**शुभकामना**

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसारको उपलक्ष्यमा वडा एवम् देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

साथै जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध बिच्छेद लगायत व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं ! सभ्य नागरिकको भूमिका निर्वाह गरौं।

खोटेहाङ गाउँपालिका
वडा नं. १, लिकुवापोखरी, खोटाङ

सुनिल ढुङ्गाना
वडा सचिव
९८४२३६८६१२

धन बहादुर महाराजी खड्का
वडा अध्यक्ष
९८६११२७५७०

**शुभकामना**

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसारको उपलक्ष्यमा हाम्रा ग्राहकवर्ग एवम् देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

**शुभलाभ बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रबन्धक**
**सन्जिव थापा**
**९८५२८४९७६७**
**तथा कार्यालय परिवार**

# व्यक्तिगत भिन्नता र सिकाइ

**सह-प्राध्यापक, धनकर्ण श्रेष्ठ**
**नेपाली विभाग, दिक्तेल बहुमुखी क्याम्पस**

व्यक्तिगत भिन्नता भनेको प्रत्येक प्राणी जन्मदा विशेष विशेषता लिएर जन्मेको हुन्छ। यसका केही विशेषता जन्मजात हुने गर्छन्। केही विशेषतालाई वातावरणले प्रभाव पार्ने गर्दछ। यस्ता विशेषताले गर्दा एक व्यक्ति देखि अर्को व्यक्ति भिन्न हुने गर्दछ। यसैलाई व्यक्तिगत भिन्नता मानिन्छ। यो मान्छे मान्छे विचको अनुहार हु बहु नमिले जस्तै व्यक्ति व्यक्ति बिचका विशेषताहरु पनि मिल्दैनन्।

शिक्षकहरु कक्षामा विद्यार्थीहरुलाई पढाउँदा पढाउँदै थाकी सकेका हुन्छन्। कोही विद्यार्थी कक्षामा शान्त भएर बस्छन् , कोही चकचक गर्छन्। कोही पढाउँदा शिक्षकलाई ध्यान दिन्छन्। कोहीले अन्यत्रै ध्यान दिन्छन्। यस्ता बिभिन्न खालका बच्चालाई पढाउन त ज्यादै कठिन हुन्छ। धेरै शिक्षकहरूले यस्तै समस्या झेलिरहेका हुन्छन्। हरेक मानिसको औंठा छाप पनि एक अर्काबिच मिल्दैन त्यस्तै व्यक्ति व्यक्ति बिच पनि सबै कुरामा समानता हुँदैन। एउटै आमाले जन्माएका सन्तान बिच त केही न केही भिन्नता हुन्छ। सँगै जन्मेका जुम्ल्याहा बिच त भिन्नता हुन्छ। अनि शिक्षकहरूले कक्षाका सबै विद्यार्थीहरूमा कसरी समानता खोज्ने त शिक्षकहरुले ?

व्यक्तिमा विभिन्न समानता हुँदा हुँदै पनि एक आपसमा खास भिन्नता पनि हुने रहेछ, यस्तो भिन्नतालाई वैयाक्तिक भिन्नता भनिन्छ। हो, एक व्यक्ति देखि अर्को व्यक्तिमा जैविक मानसिक संवेगात्मक, साँस्कृतिक भिन्नता हुने गर्दछ। यसैले गर्दा नै हरेक व्यक्ति अर्को व्यक्तिभन्दा भिन्न हुने गर्दछ। यसरी हेर्दा व्यक्तिगत भिन्नता भन्नेकुरा अनौठो जस्तो लाग्दछ। तर शिक्षकहरूले यस्ता व्यक्तिगत भिन्नतालाई नौलो मान्नु हुँदैन। यो त प्रकृति प्रदत्त स्वभाविक गुण हो। हो यसैमा शिक्षकहरूले आफूलाई अभ्यस्त गराउनु पर्छ। विद्यार्थीका व्यक्तिगत भिन्नतालाई पत्ता लगाएर शिक्षकले सोही अनुसार पढाउनु पर्दछ, सिकाउनु पर्छ तब मात्र हरेक गुरुहरू शिक्षक होइन्छ। यसो नगर्ने हो भने त सबै मानिस शिक्षक हुने थिए होला नि ?

व्यक्तिगत भिन्नता त विद्यार्थीहरूमा मात्र होइन हाम्रो परिवारमा पनि हुन्छ नि होइन र अवश्य हो। तपाई हामीमा पनि छ। प्रत्येक घर परिवारमा छ। सबैको रुची एउटै हुँदैन। सबैको बुद्धि एकै किसिमको हुँदैन। सबैको ज्ञान एकै किसिमको हुँदैन। अनि शिक्षकहरूले सबै विद्यार्थी एकै किसिमको हुने कल्पना गर्न मिल्छ त ? त्यो त मिल्दैन। मानसिक क्षमताले नै सिकाइमा प्रभाव पार्छ भनिन्छ। सिकाइ त मानसिक प्रक्रिया हो। शारीरिक मापन फरक भए जस्तै मानसिक अवस्था, सिक्ने तरिका, संझने शक्ति, बिर्सने बानी पनि व्यक्ति अनुसार फरक हुन्छन्। मानसिक क्षमताका कारण व्यक्ति व्यक्ति विच सिकाइमा फरक आउने कुरा सत्य हो। व्यक्तिगत भिन्नताको प्रभाव सिकाइ प्रक्रिया र उपलब्धीमा पर्ने गर्दछ।

तीस जना विद्यार्थी भएको कक्षामा तीस किसिमका विद्यार्थी हुने गर्छन्। केही विषयमा

समानता भए पनि यी विद्यार्थीहरूमा तीसै प्रकारका भिन्नता हुने गर्दछ । सबै विद्यार्थीहरूमा एउटै रुची एउटै क्षमता, एउटै उपलब्धी खोज्नु मुर्खता सिवाय अरु केही होइन यसको मतलब हरेक व्यक्ति अर्को व्यक्ति देखि भिन्न हुन्छ भन्ने नै हो । अंग्रेजीमा एउटा भनाई छ " Every child is special" अर्थात हरेक बच्चा विशेष हुन्छन् । यही भनाइलाई मनन् गर्ने हो भने वैयक्तिक भिन्नता जन्मजात हो वा यसलाई प्रभाव पार्ने अन्य कारक तत्व हुने गर्छन् भनेर के शिक्षकहरू द्विविधामा रहेको पाइन्छ । यो जन्मजात मात्र हुँदैन । यसलाई विभिन्न तत्वहरूले प्रभाव पार्ने गर्दछ । कुनै पनि व्यक्तिको व्यक्तित्व, बुद्धि, सिक्ने क्षमता आदि व्यक्तिगत भिन्नताको आधार हुने गर्दछ । यसको कारणबाटै सिक्ने कार्यमा प्रभाव पर्दछ ।

व्यक्तिगत भिन्नता विभिन्न कारणहरूबाट हुने गर्दछ । पहिलो कारण वंशाणुगत गुण नै हो । यो जन्मजात आउने गर्दछ । यो जीनसँग सम्बन्धित हुने गर्दछ । वंशाणुगत प्राप्त हुने भिन्नता व्यक्ति/विद्यार्थीका आमाबाबु, उसको पूर्वजहरूसँग सम्बन्धित छ । वंश परम्पराबाट प्राप्त हुने एक किसिमको जन्मजात शक्ति हो । नवजात सन्तानमा उस्का आमाबाबु र उसका पूर्वजहरूको गुण स्थानान्तरण भएको हुन्छ । यस्ता गुणहरू शारीरिक तथा मानसिक दुबै प्रकारको हुने गर्दछ । वंशाणुगत गुणहरू त पुस्ता पुस्तासम्म आउने गर्दछ । व्यक्तिमा उसका बाबु तर्फका सात र आमा तर्फका सात पुस्ताका गुणहरु कुनै न कुनै किसिमले स्थानान्तरण भएका हुन्छन्, भन्ने मत विद्वानहरुको रहेको छ । त्यसैले सगोल परिवारका दाजुभाइहरूका सन्तानमा केही न केही वंशाणुगत गुण फरक हुने गर्छन् ।

वैयक्तिक भिन्नतालाई वातावरणले पनि महत्वपूर्ण प्रभाव पार्दछ । तसर्थ वैयक्तिक भिन्नतालाई प्रभाव पर्ने अर्को तत्व वातावरण पनि हो भन्न सकिन्छ । वातावरण प्राकृतिक मात्र हुँदैन । सामाजिक तथा सांस्कृतिक पनि हुने गर्छ । व्यक्ति जुन सामाजिक वातावरणमा हुर्किन्छ त्यो सामाजिक वातावरणको रहन सहन, चाल चलन, आंचारविचार, आहार विहारले व्यक्तिको व्यक्तित्वलाई प्रभाव पार्दछ ।

भौतिक तथा सांस्कृतिक वातावरणले पनि विद्यार्थीहरुको शारीरिक तथा मानसिक अवस्थालाई असर गर्दछ । यसले व्यक्तित्वलाई प्रभाव पार्दछ । उपयुक्त भौतिक, सांस्कृतिक तथा सामाजिक वातावरण छैन भने शारीरिक तथा मानसिक विकासमा असर पर्छ । वंशाणुबाट प्राप्त भएका असल गुण पनि वातावरण अनुकुल भएन भने ती गुणहरूको सामान्य विकास हुन पनि संभव हुँदैन । यी दुई तत्वले मात्र व्यक्तिको वैयक्तिक भिन्नतालाई प्रभाव पारेका हुँदैनन् । यी बाहेक जाति, प्रजाति धर्म स्थान आदि भिन्न हुँदा यसको अभ्यास पनि भिन्न हुन्छन् । यी विशेष कारणले व्यक्तिको दिनचर्यामा पनि प्रभाव पार्दछ । यिनै प्रभावको असर बुद्धि, क्षमता, योग्यता रुचीमा देखिन्छ ।

यस्ता वैयक्तिक भिन्नता कसरी पहिचान गर्ने भन्ने कुरामा आज धेरै शिक्षकहरू अलमलमा रहेका हुन्छन् । यसका लागि बहुबुद्धि वा बहुप्रतिभाको सम्बन्धमा जानकारी हुनुपर्छ । सबै व्यक्तिमा एकै किसिमको प्रतिभा हुँदैन । अनि प्रत्येक व्यक्तिमा कुनै न कुनै प्रतिभा हुने गर्छ । प्रतिभा शुन्य व्यक्ति हुनै सक्दैन । यस्ता प्रतिभालाई बहुबुद्धि पनि भन्ने गरिन्छ । मानौ चालिस जना विद्यार्थी भएका कक्षामा शिक्षकले पढाउँदा सबै विद्यार्थीलाई समान किसिमले ध्यान दिएको हुन्छ तर कतिपय विद्यार्थीले शिक्षकले पढाएको पाठ ग्रहण गर्छन् कतिपयले ग्रहण गर्न नै सक्दैनन् ।

यसको मतलब शिक्षकद्वारा गरिने शिक्षण विधिले प्रभाव पारेको हुन्छ । व्यक्तिको/विद्यार्थीको प्रतिभाको आधारमा शिक्षण विधि छनौट गर्नुपर्छ । विषयवस्तु र विद्यार्थीको प्रतिभा विचको पुलको काम शिक्षण विधिले गर्नुपर्छ । कतिपयले व्याख्यानको आधारमा कै अधारमा सिकेका हुन्छन् । कतिपयले श्रव्यदृष्यका माध्यमबाट सिकाएका कुराहरू छिटो र प्रभावकारी रुपले सिकेका हुन्छन् । कतिपयलाई गणित पढ्न सजिलो पनि हुने गर्छ । कतिपयलाई गणित विषय मनै पर्दैन, जति सिकाए पनि सिक्दै सक्दैनन् ।

शिक्षकहरू अझै पनि अलमलमा हुन सक्छन् । यो बहुप्रतिभालाई अलि सरल रुपमा भन्नुपर्दा बहुप्रतिभालाई अंग्रेजीमा Multiple Intelligent भनिन्छ । अमेरिकी विकासात्मक मनोवैज्ञानिक हार्वड गार्नरले “प्रत्येक व्यक्तिमा अलग अलग वृद्धि हुन्छ” भन्ने सिद्धान्त प्रतिपादन गरे । उनलाई संज्ञानात्मक मनोवैज्ञानिक पनि भनिन्छ । मानिसहरू विषयवस्तुलाई घोकेर, संझेर, याद गरेर किताब पढेर संझन सक्छन् भन्ने विश्वास गर्दथे । सिक्ने र संझने तरिका भिन्न भिन्न हुने कुरा मात्र बताएनन्, मानिसमा विभिन्न प्रकारका प्रतिभा हुन्छन् भन्ने बहुबुद्धिको सिद्धान्त पनि प्रतिपादन गरे । यिनी पियाजे, इरिक एरिक्सन, ब्रुनर जस्ता मनोबैज्ञानिकको विचारबाट प्रभावित थिए ।

उनका अनुसार बुद्धिको स्वरुप एकाङ्की हुँदैन, यो बहु आयामको हुने गर्दछ । यही कारणले गर्दा एक अर्का विच बुद्धि अलग हुने गर्छ । प्रत्येक व्यक्तिको बुद्धि दोश्रोबाट स्वतन्त्र हुने गर्दछ । बुद्धिका विभिन्न प्रकारमा एक अर्का विच अन्तरक्रिया पनि हुने गर्दछ । प्रत्येक व्यक्तिमा कुनै न कुनै विलक्षण बुद्धि हुने गर्छ । यहाँ बुद्धिलाई प्रतिभा पनि भनिएको छ । एक किसिमको प्रतिभा भएको व्यक्तिमा अर्को प्रतिभा हुँदै हुँदैन भन्ने होइन । कुन प्रतिभाको बढी वर्चश्व हुन्छ भन्ने हो । जुन व्यक्तिमा जुन प्रतिभाको बढी वर्चश्व हुन्छ सोही अनुसार सिकाइ हुन्छ भन्ने हो ।

यो बहुबुद्धि सिद्धान्तको शिक्षण सिकाइसँग के सम्बन्ध छ भने कक्षाका सबै विद्यार्थीले सिकाउन खोजेका कुरा समान किसिमले सिक्दैनन् । शिक्षकले सबै विद्यार्थीलाई एक तरिकाबाट सिकाएकै हुन्छन् । शिक्षकले सञ्चालन गरेको शिक्षण सिकाइ क्रियाकलापबाट कतिपय विद्यार्थीले विषयवस्तुलाई ग्रहण गरेका हुन्छन्; कतिपयले ग्रहण गर्न सक्दैनन् । सिक्न नसक्ने विद्यार्थीलाई मन्दबुद्धि भएको आरोप पनि लगाइन्छ । तर विद्यार्थीले सिक्न, ग्रहण गर्न नसकेको कुरालाई मन्दबुद्धिको कारण भन्न मिल्दैन । यसको मुख्य कारण सबैमा एकै किसिमको बुद्धि हुँदैन, प्रतिभा हुँदैन । फरक बुद्धि भएका व्यक्तिले फरक किसिमबाट सिक्छन् ग्रहण गर्छन् । यसका लागि शिक्षकमा बहुबुद्धि सिद्धान्तको जानकारी हुनुपर्छ । सोही अनुसार विद्यार्थीको प्रतिभाको पहिचान गरी शिक्षण सिकाई क्रियाकलाप बनाउनु पर्छ । यसरी सिकाइ गर्न सकेमा नसिक्ने कोही पनि हुँदैन ।

उदाहरणको रुपमा कुनै विद्यार्थी भाषिक प्रतिभाको रुपमा छ भने उसले व्याख्यान विधिको प्रयोग गर्दा स्पष्ट रुपमा ग्रहण गर्न सक्छ । कुनै विद्यार्थी दृष्टा प्रतिभाको छ भने उसलाई दृष्य चित्र, भिडियो, चलचित्र, चार्ट, ग्राफ आदि प्रयोग गर्दा स्पष्ट रुपमा ग्रहण गर्न सक्छ । यदि कुनै विद्यार्थी साङ्गितिक प्रतिभाको छ भने लयात्मक, गेयात्मक, किसिमले कविता वा गीत मार्फत शिक्षण गर्दा सजिलै ग्रहण गर्न सक्छ । यस्तै अन्य प्रतिभाका लागि पनि फरक फरक तरिका प्रयोग गर्न सके नसिक्ने विद्यार्थी कोही हुँदैनन् । त्यसो भए सबै विद्यार्थीहरूमा यी सबै प्रतिभा हुन सक्छ त ? भन्ने जिज्ञासामा

बिलकुल सक्छन् बरु यसको प्रतिशत कति हो भन्ने हो ।

कुनै प्रतिभा शशक्त हुन्छन् त कुनै प्रतिभा शुषुप्त हुन्छन् । व्यक्तिमा एक वा दुई प्रतिभाको प्राधान्यता हुने गर्छ। यिनै प्रतिभाको आधारमा सिकाइ मात्र होइन, जीवन पद्धति नै अगाडि बढ्छ। यसले रोज्ने अध्ययन क्षेत्र, रोजगारी क्षेत्रमा पनि प्रभाव पार्दछ ।

यी माथि वर्णन गरिएका बहुप्रतिभाका विभिन्न नौ ओटा प्रतिभाहरूमा भाषिक, दृष्य, शारीरिक साङ्गीतिक, तार्किक, वैयक्तिक, अन्तरवैयक्तिक, प्राकृतिक प्रतिभा आत्मिक प्रतिभा हुन । यिनै प्रतिभाका आधारमा शिक्षकले शिक्षण गर्नुपर्छ । यी मध्ये आत्मिक प्रतिभा भएका व्यक्तिहरु बढी अन्तरमुखी हुन्छन् । मन र शरीरको सम्बन्धलाई बढी जोड दिन्छन् । मन र आत्माको सम्बन्धको खोजी गर्छन् । यिनीहरूमा स्वस्थ्य शरीर, स्वस्थ्य मन र असल विचार भन्ने भावना हुन्छ । यस्ता प्रतिभाले ' म' को खोजी गर्छन् । 'म' को हुँ ? म यस धर्तिमा किन आएको हुँ ? म जन्मिनुको अगाडि के थिएँ ? म मृत्युपछि कहाँ हुन्छु ? जस्ता अमूर्त प्रश्नको जवाफ खोज्न सधैं घोत्लिन्छन् । योग, ध्यान, साधनामा पर्याप्त समय लगाउँछन् । यस्ता प्रतिभा भएका व्यक्तिहरू भविष्यमा दार्शनिक, महर्षि, योगी आदि हुन सक्छन् ।

तसर्थ अबको संवृद्धि भनेको शिक्षा नै हो । हरेक क्षेत्रमा परिवर्तन ल्याउन शिक्षाको महत्वपूर्ण भूमिका र हात रहेको हुन्छ । शिक्षा परिवर्तनमा शिक्षकको महत्वपूर्ण हात रहेको हुन्छ । शिक्षकले त्यो दायित्व पूरा गर्न व्यक्तिगत भिन्नता अनुसार शिक्षण सिकाइ गर्नै पर्छ । भन्ने कुरामा कसैको दुईमत हुनै सक्दैन ।


**शुभकामना**

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसारको उपलक्ष्यमा हाम्रा ग्राहकवर्ग एवम् देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै

हामीकहाँ हार्डवेयरका सम्पूर्ण सामग्री पाउनुका साथै विभिन्न मेशिनरी सामग्री, प्लाष्टिक टनेल, झोला लगायत अर्डर अनुसारका सम्पूर्ण सामग्री पाइन्छ।

**सनराइज ट्रेड एण्ड सप्लायर्स**

प्रो. विदुर लुइँटेल

९८५२८४९२८०

दिक्तेलबजार

**शुभकामना**

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसारको उपलक्ष्यमा हाम्रा ग्राहकवर्ग एवम् देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
**शाखा कार्यालय दिक्तेल**
**प्रबन्धक**
**रामकुमार आचार्य**
**९८५२८४९१५५**
**तथा कार्यालय परिवार**

# A Brief Study on the Structural Organization of Researched Essay

Ghimire, L . P .
Lecturer, English

## 1 . Abstract

'This is an article written for publication . 'Structural Organization of Researched Essay' is the core subject matter of this article . It has focused on the introduction of the parts of a Researched Essay . They are (i) introduction, its parts ,like hook, background information and thesis statement (ii) the body paragraph (s) and its parts, like topic sentence, details and conclusion (iii) the conclusion and its parts, like advice, insight warning etc . The source of the materials is some authentic references . Method of study is collection of materials, study of them sincerely, making a brief note of them and writing the final copy . The examples involved in the article are from the very authentic references . It presents maximum examples from different authentic references . It is just a general study of researched essay .

## 2 . Glossary

thesis, background, researched essay, sally, conclusion, academic writing, quotation

## 3 . Introduction

'What is Researched Essay' is a critical question . We need to study structural patterns of essays in general before writing a journal article .

### 3 . 1 Meaning and definition of the word, 'essay'

The word 'Essay' derived from the French infinitive 'essayer'- meaning 'to try or to attempt' . In English, essay first meant 'a trial' or 'an attempt' . Google

" . . . . . . a loose sally of the mind, an irregular, indigested piece, not a regular and orderly composition"- Samuel Johnson's Dictionary

"A short piece of writing by a student as part of a course of study . " Oxford Advanced Learner's Dictionary, 7th Edition

"A short piece of writing on a particular subject written in order to be published" Oxford Advanced Learner's Dictionary, 7th Edition

"An attempt to do something" Oxford Advanced Learner's Dictionary, 7th Edition

### 3 . 2 General concept about the essays

An essay is a literary genre . Naturally it is not composed as strictly as the story, poetry or drama . What is true is: it begins with introduction, moves to body and ends with a conclusion . Speaking of the structure of the body, it is the core part of essays . It is a linear or circular literary composition . It is like a garland . One cannot easily notice the beginning and the ending of a garland on completion of its weaving and knitting . Any piece of flower may look like the beginning or ending of the garland . The essays are

similar to it . One can begin her/his essay from any one concept about the topic and can connect the other concepts as naturally, so that systematically, as possible . It means, if an essayist begins her/his essay from concept A, she/he has to move to concept B . Then to C, D, E concepts and so on . If an essayist begins her/his essay from concept B, she/he can then move to concept C, then D and finally she/he has to move to concept A . He/she cannot move from concept B to A, C to B or the like . It spoils the natural order . Sometimes the writers adopt the zigzag method, too . They go to A from B or C and so on .

One has to determine the size of her/his essay before beginning it . Then she/he has to analyze the natural order of those concepts and arrange them under concepts A,B,C,D . Therefore it captures the spirit of natural, thus systematic, order . For examples;

A . Joan Didion, an American essayist, has begun her essay, 'In Bed' with the frequency of migraine headache per month . Then she has moved to the general concept about migraine headache . Then after she has moved to the way she regarded it as and so on and so forth . She could have begun her essay from the cause of migraine headache . Then she could have moved to the effects, symptoms, preventive measures, treatment and so on serially . Or, she could have begun her essay from symptoms of migraine . Then she could have moved to the preventive measures and treatment etc . But she could not destroy the natural order of the concepts .

B . Barbara Holland, an American essayist, has begun her essay, 'Speaking of Children' with the advantages of having few children and disadvantages of having multiple children to the parents:

"One child is outnumbered . You can brainwash it . You can make it do what you want it to do, carry it to parties and toss it on the bed with the coats, lug it in a bag pack through the Adirondacks, . . . . . . . " Then she has moved to the disadvantages and vice versa . She could begin from disadvantage and move to the advantages or the like .

C . Similarly, Isaac Asimov, an American professor, has begun his essay 'The Nightmare Life Without Fuel' with the result of fuel (oil) crisis:

"One train out of five breaks down every morning, buses have gone, bicycles slosh and slide, thus the speaker (author) walks to demolish the roads, company buildings, factories . . . " etc . Then the author has moved to how the automobiles dwindled: "The price of gasoline climbed, only the well-to-do (filthy rich) drove them, the automobiles got overturned and burnt, the car parts became the metal source . " Then after Asimov has moved to the ironical advantages of the fuel (oil) crisis: "The newspapers continually wrote about them, the air became clearer, it was less cold, police moved to their beats, crime rate decreased………."

He could have begun from the fuel crisis, its causes (oil) . Then he could have moved to the effects and consequences of fuel (oil) crisis and so on .

There are not very hard and fast rules of writing essays . Therefore it is defined as 'A loose sally of the mind' by Samuel Johnson in his dictionary .

# 4 . Types of Essays

The essays are classified into two main types from their objectivity/subjectivity, structure and purpose viewpoints: informal essays and formal essays .

## 4 . 1 Informal Essays

Informal essays are comparatively more flexible in structural pattern . These are not composed for particular age, gender, level, interest readers . They are written under expository interest and purpose . They are for all age, sex, gender, level, interest readers . They may not be as authentic as formal essays . The number of informal essays is larger in number than the formal ones . Many useful and contemporary informal essays are involved in the syllabi of formal education because they give detailed/wide knowledge about the subject matter than the formal essays . For example;

Women's Business by Ilene Kentrov, The Children Who Wait by Marsha Traugot, A Child is Born by Germaine Greer , the Nightmare Life Without Fuel by Isaac Asimov are some examples of informal essays involved in formal syllabi of grades xi and xii English in Nepal . 'Student Life' by William Osler, 'The Happy Man' by Bertrand Russell, 'Victory on Everest' by James Hamsey Ullman, 'Laughter is the Best Medicine' by Dave Coverly are some example essays involved in academic syllabi of bachelor of education, first year, compulsory English .

## 4 . 2 Formal Essays

Formal essays are also known as academic essays . They are composed under more strict structural patterns . They have strong thesis statements . They are well organized . The supporting details are put in strictly organized order . There is better interrelationship among the body paragraphs . The conclusion summarizes the major points of the body . Formal words and sentences are used in formal essays . It is written in formal tone . First person is hardly ever used . For example, "I think . . . ", " I hope . . . ", "I did . . . " etc . are never used . The main ideas are explained completely and clearly with strong data, comparison, extraction, quotations etc . The conclusion attempts to put forth the core concept of the essay in more effective so that persuasive tone . They are written for involving in the formal syllabi of school/college/university course, business, art, music, agriculture, economy, legal . . . . purposes . They are as objective and persuasive as possible . They are composed according to the age, level, interest and need of the targeted readers . They may not give as detailed knowledge as the informal ones do because they are limited to the readers with aforementioned characteristics . They are more authentic than the informal ones . They are very small in number . Some examples of formal essays involved in the academic curriculum are 'Two Long-Term Problems: Too Many People, Too Few Trees' by Nissani, Moti, class xii,

# 5 . Types of Formal/Academic Essays

There are many types of formal essays on the bases of the style, purpose, tone, etc . Generally

they are 'Researched essays', 'Comparison-Contrast Essays', 'Cause-and-Effect Essays', 'Argumentative Essays', 'Classification Essays', 'Reaction Essays' etc . Generally the essays consist of three main parts: Introduction, Body and Conclusion .

Being this article **'A Brief Study on the Structural organization of Researched Essay'**, merely it is emphasized here . It does not consider the vocabulary, grammar and sentences structures of this type of essay .

# 6 . Researched Essays

## 6 . 1 Introduction to Researched Essays

Formal essays are commonly known as Academic Essays . Researched Essay is a kind of researched essay . The material of this type of essays can be received from research . The information presented in researched essays is completely based on the researched data and objective analysis of them . This type of essay may be expository and persuasive in nature . The sources of the data ought to be completely reliable . The source of data may be university websites, Wikipedia, Encyclopedia, Google, You tube, news channels, Tv . Shows, books, Facebook, Blog, Twitters etc . One cannot depend on the same source of reference while writing a Researched Essay . At least three sources of references are recommended .

# 6 . 2 Parts of Researched Essays

Researched Essays are composed under certain structural pattern: Introduction, Body and Conclusion . These components also have minute arrangement with their sub-divisions and order . All these ought to be considered while composing a researched essay .

This essay is limited to the structural pattern of this type of essay . Vocabulary, grammar and language standard have not been considered here .

## 6 . 2 . 1 Introduction

The introduction is the beginning part of the essay . It begin with 'the Hook' . Then it moves to the Background information and ends with 'the Thesis' statement . [The hooks are not formal, researched specific . They may be used in the informal essays, too . ]

## 6 . 2 . 1 . 1 Hook

The Hooks consist of one or two interesting or impressive sentences . They are used at the beginning of the essays to ignite and engage the expected readers . The sentences may be a quotation, a joke, a very meaningful/impressive sentence, statistics, quote, anecdote, (I . Q . ) questions, or the like . For example;

- "Have you ever watched the high-flying, jump shooting, slam dunking, ankle breaking players that play in the NBA?" (a question hook)
- "Some people want it to happen, some wish it would happen and others make it happen . " (a quote hook)
- "Just 0 . 00545 percent of the 550,000 boys playing high school basket ball each year in the United States become a first round draft pick -1 in 18333 . " (an statistical hook)

- "Just 0 . 00545 percent of the 550,000 boys playing high school basket ball each year in the United States become a first round draft pick -1 in 18333 . " (an statistical hook)
- "Just 0 . 00545 percent of the 550,000 boys playing high school basket ball each year in the United States become a first round draft pick -1 in 18333 . " (an statistical hook)
- "Human beings and the natural world are on a collision course . Human activities inflict harsh and often irreversible damage on the environment and on critical resources . If not checked, many of our current practices put at serious risk the future that we wish for human society and the plant and the animal kingdoms, and may so alter the living world that it will be able to sustain life in the manner that we know . Fundamental changes are urgent if we are to avoid the collision our present course will bring about . " (a quote hook by Nissani, Moti in his essay: 'Two Long-Term Problems: Too Many People, Too Few Trees)
- "One Child is an Appendage, more than one is a way of life . " (an impressive statement by Barbara Holland in her essay 'Speaking of Children)
- "The future of our planet is in the balance . Sustainable development can be achieved, but only if irreversible degradation of the environment can be halted in time . The next thirty years my be crucial . " (a quote by Nissani, Moti in her essay 'Two Long-Term Problems, Too Many People, Too Few trees')
- "That is not what I meant . That is not it, at all . "

T . S . Eliot, The Love Song of J . Alfred Prufrock (by Roger Rosenblatt in his essay 'Oops! How is that again')

### 6 . 2 . 1 . 2 Background Information

Background information consists of one or many sentences . Sometimes there are longer introductions too which may consist of many paragraphs . For example, Nissani, Moti has introduced his formal essay- 'Too Long-Term Problems: Too Many People, Too Few Trees' in five paragraphs two paragraphs of which are hooks .

Background information gives broad picture of the subject matter which is going to be discussed in the body part of the essay . This section raises all the issues related to the topic . All these may not be the interest and the subject matter of the essay . In simple words, the body part does not discuss or incorporate everything which are issued in the background . The body may incorporate only fewer issues among what are introduced in the background . The thesis statement declares about what to focus on .

"The background information contains a general statement or statements that give a broad picture of the subject matter to be discussed . They provide extra information to help the readers understand the content of the essay . The sentences below provide the (situation) for an essay about an economic crisis of 2008 . "

In September 2008 the banking system in the united states nearly collapsed, leading to what many considered to be the worst economic crisis since the Great Depression of the 1930s . "

[Liss, Rhonda and Davis, Jason, Effective Academic Writing, second edition, P . 5]

In the above extraction, 'Nearly collapsed Banking system, in the United States, in 2008' **-[**introduction to topic**,** place, time of the event];

'Many considered to be the worst economic crisis since the Great Depression of the 1930s' **-**[introduction to the intensity of economic crisis by comparison between 1930 and 2008 economic crisis along with public views] What information are compulsory in the introduction is not any absolutism . It depends on the writer's intention and the size of the essay .

नपर्ने (घ) अन्य शर्तहरु के के छन (ङ) ब्याज लिने तरिका कस्तो हो (च) मार्जिन कति काटिन्छ (छ) जुटाउनु पर्ने कागजात के के (ज) पछि ब्याज घटवढ हुने नहुने (झ) सेवा शुल्क लाग्ने कि नलाग्ने र कति लाग्ने (ञ) अन्य थप केही चार्ज पनि छ कि (ट) बीमा गरिने नगरिने र गरिने भएमा के के शर्तमा गरिने (ठ) बीमाको प्रिमियम कसले कसरी कहिले कहिले तिर्ने (ड) कर्जाको प्रकृया कति लामो हुने (ढ) कति किस्तामा चुक्ता गर्नु पर्ने (ण) बिचमै चुक्ता गर्न पाइने नपाइने (ण) तिर्न नसक्दा लाग्ने जरिवाना के के हो (त) ब्याजलाई सावामा गाभ्ने नगाभ्ने र कहिलेदेखि गाभ्ने (थ) कालो सूचीमा परिने नपरिने (द) घरपरिवारको ग्यारेन्टी र दायित्व हुने नहुने (ध) सामुहिक जमानी बस्दा के के हुन सक्ने (न) थप विचार गर्नु पर्ने पक्ष : परिवारसंग परामर्श गर्ने, क्षमताभित्रको रकम मात्र लिने, उत्पादनशील कामका लागि मात्र कर्जा लिने, उद्धेश्यमा मात्र प्रयोग गर्ने, कमाईले साँवा ब्याज तिर्न पुग्ने नपुग्ने, नपुग्ने भए कसरी तिर्ने आदि ।

**सन्दर्भ सामाग्री**


- खत्री हरी वहादुर २०७६,सहकारी लेखा प्रणाली पिजिएस प्रिन्टर्स विराटनगर
- खत्री हरी वहादुर २०७६,सहकारी संस्थाको वित्तिय अनुगमन प्रणाली पिजिएस प्रिन्टर्स विराटनगर
- घिमिरे प्रमोद कुमार २०७४, सहकारीको अवधारणा र लघुवित्त व्यवस्थापन टिउम्फ मिडिया प्रा.लि. नयाँ वानेश्वर काठमाण्डौ
- पोखरेल केशव प्रसाद, सहकारीको आन्तरिक व्यवस्थापन र सीप : शान्तीकला मञ्च इटहरी
- बडाल केशव २०७४, सहकारी सिद्धान्त र प्रयोग सहकारी सहयोग समुह
- विभिन्न वेवसाइटहरु



**शुभकामना**

**नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसारको अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

**दुर्छिम मा.वि., दुर्छिम**
हलेसी तुवाचुङ नगरपालिका- ५, छापडाँडा, खोटाङ
मेजर राई , प्रधानाध्यापक, ९८४२९५३२४०
एकनाथ राउत, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, ९८४९५११८२०
एवम् विद्यालय परिवार

**शुभकामना**

**नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसारको अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

**सरस्वती मा.वि., अर्खौले**
हलेसी तुवाचुङ नगरपालिका- १०, अर्खौले, खोटाङ
नविन चाम्लिङ, प्रधानाध्यापक, ९८४९३०४०३८
केशव श्रेष्ठ, विद्यालय व्यवस्थापन समिति अध्यक्ष ९८६२८५३०३१
एवम् विद्यालय परिवार

# दिक्तेल बहुमुखी क्याम्पस निर्माण ,खरिद,मर्मत संभार स्वास्थ्य तथा सरसफाइ समिति

**संयोजक**

**लिला बहादुर खत्री**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल,खोटाङ एउटा सामुदायिक उच्च शैक्षिक संस्थाको रुपमा परिचत खोटाङ जिल्लाको प्रतिष्ठित पहिलो शैक्षिक संस्थाको रुपमा परिचित सामुदायीक उच्च शैक्षिक संथा हो । यस संस्थामा नेपालको प्रचलित कानुन बमोजिम आफ्नो गतिविधिहरुलाई अगाडि बढाउनु नितान्त आवश्यक हुने कुरा ठहर गरी नेपाल सरकारद्वारा संचालन गरिएको सार्वजनिक खरिद ऐन अनुरुप कार्य सञ्चालन गर्न दिक्तेल बहुमुखी क्याम्पसको भौतिक संरचना निर्माण, खरिद, मर्मत संभार लगाएतका कार्य चुस्त दुरुस्त गर्नु र आर्थिक पारदर्शिता समेतको कार्यलाई ध्यानमा राखी संस्थाको सम्पूर्ण क्षेत्रको भौतिक विकास र विस्तारको लागि यस क्याम्पसमा दिक्तेल बहुमुखी क्याम्पस संचालन विधान २०७५ को दफा ११६ र १३० ले दिएको अधिकार प्रयोग गरी एक दिक्तेल बहुमुखी क्याम्पस निर्माण,खरिद,मर्मत संभार,स्वास्थ्य तथा सरसफाइ संम्वन्धी निर्देशिका २०७९ तयार गरी एक समिति गठन गरिएको छ ।

<u>समिति</u>

१,संयोजक श्री लिला बहादुर खत्री

२,सदस्य श्री विजय कुमार राई

३,सदस्य श्री शेर बहादुर तामाङ

४,सदस्य श्री चुडा बहादुर कार्की

५,सदस्य सचिव श्री कृष्ण बहादुर गुरुङ

<u>यस समितिले गरेका महत्वपूर्ण गतिविधिहरु</u>

१,भौतिक संरचना भवन निर्माण

२,मर्मत संभार

३,फर्निचर व्यवस्थापन

४,इलेक्ट्रोनिक्स सामग्री व्यवस्थापन

५,जनचेतनामूलक कार्यक्रम

६,नियमित स्वास्थ्य परीक्षण कार्यकम

७, नियमित प्राथामिक उपचार कार्यक्रम

८,नियमित सरसफाई कार्यक्रम

९, प्राकृतिक सौन्दर्यताको संरक्षण

१०, रक्तदान तथा रक्त परीक्षण कार्यक्रम

११, फूलबारी निर्माण

१२, पुस्तक खरिद तथा ब्यवस्थापन

यस मूल समितिको माताहतमा रहने गरी मूल समितिलाई थप टेवा पुऱ्याउने उद्वेश्यले health care and nature cell उपसमिति गठन गरी निम्न सदस्यहरुको व्यवस्था गरिएको छ । <u>*Health care and nature cell*</u>

१, संयोजक श्री लिला बहादुर खत्री (९८४२८४९३०६)

२,सदस्य श्री दिपा कार्की ( ९८४२३१०१३८ )
३,सदस्य श्री अजय राई (९७४९२१७६०५ )
४ सदस्य श्री पुष्पाकला राई (९७४६४१९११९६)
५,सदस्य श्री साकिला भुजेल (९८१०१५७३२८)
६, सदस्य श्री करिष्मा राई ( ९८४३३७९५८४)
७, सदस्य श्री समना फुयल (९७६५२६७१२३)
८, सदस्य श्री हिराकाजी श्रेष्ठ (९७४२२७९०७१)
९,सदस्य श्री काजल दाहाल (९७४५४६४६०३ )
१०, सदस्य श्री विनिता कार्की ( ९८०५९१८८७९)
११, सदस्य श्री अनुमा परियार (९८१८७६११६१
१२, सदस्य श्री सुनिता खत्री ( ९८२७७६९७४०
१३, सदस्य श्री एलम खड्का ( ९७४५३११०३५
१४, सदस्य श्री मनिशा वि.क. (९८४६२९०५१३
१५, सदस्य श्री तारा गुरुङ (९८४२८१४५८६ )
१६, गणेश धिमाल (९८६२९२६२३२)
१७, मुना भट्टराई (९७४२४२२०४७)
१८, दिपा राई (९८०७७९०५७७)
१९, एनिशा राई ( ९७४१७५२८२८)
२०, नव प्रकाश भण्डारी
२१, निर्मता कालिकोटे ( ९८६५२८५६०१)
२२, मुना आचार्य (९७४५९१६५४०)
२३, नवराज सुवेदी ( ९७४५९५४४७६ )
२४, सन्तोष आचार्य (९७४२५६१६६८)
२५, लिला घिमिरे ( ९७४५२७३५६५)
२६, दिपेन कार्की (९८४२४३५७३१)
२७, दिपा राई ( ९८०७७९०५७७ )
२८, एनिश राई ( ९७४१७५२८२७ )

हाल यस दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल खोटाङमा तपशिल अनुसारका प्राथमिक उपचारकहरू रहेका छन् ।

| | | |
|---|---|---|
| १. | मित्रनाथ खनाल | B . ED . III |
| २. | जुनिता राई | B . ED . III |
| ३. | कृएशना राई | B . B . S IV |
| ४. | प्रतिक्षा तामाङ | B . B . S . IV |
| ५. | अन्जु बुढाथोकी | B . BD . II |
| ६. | राम प्रसाद राई | सह प्राध्यापक |
| ७. | शसिकला राई | B . A . III |
| ८. | मैया कार्की | B . A . III |
| ९. | भिमकुमारी मगर | B . A . III |
| १०. | मनिषा राई | B . ED . III |
| ११. | ज्ञानमाया गुरुङ | B . A . III |

यस क्याम्पसमा प्राथमिक उपचारका निम्ति सर्म्पक व्यक्तिहरु

सहायक प्राध्यायक श्री लिला बहादुर खत्री (९८४२८४९३०६)

क्याम्पस प्रमुख श्री हिरा कुमार राई (९८६२ ९७६३९८)

विद्यार्थी श्री साकिला भुजेल -९८४६४३४२८१

विद्यार्थी श्री मुना भट्टराई (९७४२४२२०४७)

विद्यार्थी श्री संगिता दाहाल -९८६३९७९४०८

यस दिक्तेल क्याम्पसमा संचालित प्राथमिक उपचार क्षेत्रको फोकल पर्सनको जिम्मेवारी सहायक प्राध्यापक श्री लिला बहादुर खत्रीलाई प्रदान गरिएको छ ।

यस दिक्तेल बहुमुखी क्याम्पसको समग्र गतिविधिलाई सहयोग गर्न तथा विशेष अतिरिक्त क्रियाकलाप प्राथमिक उपचार तथा सरसफाईको क्षेत्रमा कार्य गर्न युवा रेडक्रस सर्कलको समेतको व्यवस्था गरिएको छ । युवा रेडक्रस सर्कलको कार्यसमिति विवरण तपशिल अनुसार रहेको छ ।

कार्यसमिति

१, अध्यक्ष श्री कैलाश खड्का

२, उपाध्यक्ष श्री सुनिता घिमिरे

३, सचिव श्री विपिन पोखरेल

४, सह सचिव श्री दिपक भट्टराई

५, कोषाध्यक्ष श्री लिला घिमिरे

६, सदस्य श्री दिपेन कार्की

७, " श्री उपेन्द्र तामाङ

८, " श्री योगेन्द्र भट्टराई

९, " श्री सम्झना खनाल

१०, " श्री पुजा थापा

११ " श्री भावना श्रेष्ठ

शिक्षक नायक श्री नईन्द्र कुमार खत्री

सह शिक्षक नायक श्री सुवाश चन्द्र राई

सल्लाहाकार समिति

१, संयोजक श्री हिराकुमार राई

२, सदस्य श्री लिला बहादुर खत्री

३, सदस्य श्री साकिला भुजेल

दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल, खोटाङ प्राथमिक उपचार सामग्रीको विवरण २०८०/०८१

- दराज थान १
- खाट थान १
- स्टेचर थान १
- कम्बल थान ३
- पाल थान २
- तन्ना थान ५
- बाल्टी थान २
- जग थान १
- थर्मोमिटर थान १
- तौल्या थान २
- म्याट्टेस थान २
- सिरानी थान १
- सेनेटरी प्याड थान २५
- कुर्सी थान ५
- साबुन र साबुन केस थान ५,५
- सेनिटाइजर बोतल - ५
- माक्स - ६०० पिस
- औषधि : सिटामोल ५०० पिस, एमजिट १०० पिस, ब्रोफिन २०० पिस, हेन्डिप्लाष्ट, बेटाडिन २ बोतल, जीवन जल १५०, कपास, आदि ।

## दिक्तेल बहुमुखी क्याम्पस
## दिक्तेल, खोटाङ
## भौतिक सामग्रीको विवरण
## २०८०/०८१

- जग्गा :- ३५-१-२-३ रोपनी महोत्सवबाट प्राप्त भएको सहित) ।
- भवन संख्या-१८ (पक्की २ तले-४ बाँकी सबै एकतले कच्ची)
- शिक्षण सिकाइमा प्रयोग भएका भवन संख्या-११
- शिक्षण सिकाइमा प्रयोग भएका कक्षा कोठा संख्या-२७
- सहायक क्याम्पस प्रमुख शिक्षा र मानविकी -१+१=२ कोठा
- कम्प्युटर ल्याव+EMIS-१+१=२ कोठा
- व्यवस्थापन संकाय क्याम्पस प्रमुख कार्यकक्ष -१ कोठा
- स्टोर -१ कोठा
- क्याम्पस प्रशासनिक भवन -१ वटा
  - क्याम्पस प्रमुख कार्यकक्ष -१ कोठा
  - लेखा, परीक्षा शाखा-१ कोठा
- लाईव्रेरी भवन संख्या- १ कोठा
- सभाहल भवन संख्या-१ कोठा
- तल्लो भवन-१
- प्राथमिक उपचार कक्ष-१ कोठा
- लेडिज चेन्जीङ रुम -१ कोठा
- विद्यार्थी युनियन कक्ष-१ कोठा
- यु.रे.स. कार्यकक्ष -१ कोठा
- विद्यार्थी होस्टल भवन संख्या-२
- (कोठा संख्या-१६, सञ्चालन-६ वटा)
- QAA Office 6 rooms
- शौचालय ५ वटा
- सञ्चालन कोठा -१०, महिला-४, संयुक्त-१, पुरुष-५
- सञ्चालन नभएका-४ वटा
- डेक्सवेन्च संख्या- ४६४ जोर
- ह्वाईटवोर्ड -३३
- टेवल संख्या- ७०
- कुर्सी जम्मा-२९०
- लङ् चियर्स-४
- सोफा सेट-१ सेट
- स्टील दराज-५ वटा
- काठको दराज-१९ वटा
- रिडिङ रुम टेवल - ७ वटा
- कम्प्युटर टेवल- २४ वटा
- स्टील ऱ्याक-२१ वटा
- काठको ऱ्याक-३५ वटा
- लेक्चर वोर्ड -१०
- रोष्टम - २
- कम्प्युटर-४७
- ल्याप्टप- ८ वटा
- प्रिन्टर-७ वटा
- प्रोजेक्टर- १२ वटा
- फोटोकपी मेसिन-१ वटा
- पुसपिन वोर्ड-१ वटा
- खाट-१८ वटा
- पुस्तक-२२८४९
  - विषय-१३५४३
  - रिफरेन्स-९३०६
- स्टेचर-१ वटा
- पाल-१ वटा
- कम्वल-३ वटा
- म्याट थान - २
- सूचना पार्टी-४ थान
- डस्ट विन -२ थान
- ईन्टरनेट
- हिल टेङ्क ५थान
- Web camera – 5
- Head phone – 2
- Head sheet – 3
- CCTV – 1 ,Camera – 9
- Display board -1
- Smart board -1

# सहकारीका सिद्धान्त र यसको प्रयोग

**संजीव थापा सहायक प्राध्यापक**

सहकारीको जन्मसंगै यसलाई सुसञ्चालन गर्न केही नियम बनाएको पाइन्छ। जस्तै संसारको पहिलो सफल सहकारी रोचडेल इक्विटेबल पायोनियर सोसाइटी गठन गर्दा नै यसलाई कसरी सफल बनाउने भनेर केही नियम बनाएको इतिहास छ। यो किन जरुरी भयो यो भन्दा अगाडी पनि प्रयास भएका थिए तर तिनले सफलता पाउन सकेको देखिएन। असफलतावाट पाठ सिकेर नियम बनाएको देखिन्छ। पहिलो सहकारी सफल पार्न बनाएका नियमहरु यस प्रकार थिए :

- उधारोमा समान बिक्री नगर्ने
- विश्वास भएकालाई मात्र सदस्य वनाउने
- वजार मूल्यमा सामान विक्री गर्ने
- स्वयम्सेवकको रुपमा काम गर्ने

यी नियमको आधारमा सहकारी चल्दा सफल भएको इतिहास छ। सहकारीको सफल सञ्चालनका पछाडि यसको दिगो विकासका लागि कोषहरुको परिकल्पना र व्यवस्था गरेको देखिन्छ। यी अनुभवबाट अगाडी बढेको सहकारीले सन् १८९५ मा वृहत भेला गरी अन्तराष्टिय सहकारी सहासंघ (ICA) बनायो। यसले सन् १९३७ मा चारवटा अनिवार्य र तीनवटा एच्छिक गरी सातवटा सिद्धान्त वनायो। पछि सन् १९६६ मा भएको महासभाले ऐच्छिक तथा अनिवार्य सिद्धान्तको अवधारणा हटाई छ वटा अनिवार्य सिद्धान्त अगाडी सा¥यो। सन् १९९५मा भएको महासभाले सातौँ सिद्धान्तको थप ग¥यो। यसरी अहिले सहकारीका सात सिद्धान्त नै प्रचलनमा छन्। यी सिद्धान्त यस प्रकार छन् :

## १. पहिलो सिद्धान्त : ऐच्छिक तथा खुल्ला सदस्यता

सहकारीमा सदस्य स्वच्छाले बन्ने छन र छाड्न चाहेमा छाड्न सक्ने छन। करकाप वा प्रभावमा पारेर कसैलाई सदस्य वनाउन पाइदैन, हुदैन। सहकारीको सेवा लिन सक्ने र चाहने कार्यक्षेत्र भित्रका समूदायका सवै मानिसलाई विनाभेदभाव सहकारीको सदस्य वन्न पाउने अधिकार रहन्छ तर यो निःशर्त हुने छैन। सर्तहरु समुदायका मानिसहरुको पहुँच भन्दा माथि हुने छैन। जस्तै असल चालचलन, प्रवेश शुल्क र संस्थाले तोकेको सेयर खरिद गर्न मञ्जुर, संस्थाले लिने दिने सेवा लिन दिन मञ्जुर आदी तर सहकारीलेमाग गर्ने सवैलाई तत्कालै सदस्यता दिइहाल्नुपर्छ भन्ने हुदैन। यदी सहकारीले उपलव्ध गराउदै आएको सेवाको पहुँच सीमित भएमा सेवा दिन सक्ने जतिलाई मात्र सदस्यता दिने र अरुलाई पर्खाउन सक्छ।

कुनै सदस्यले आफुले भुक्तान गर्नुपर्ने दायित्व भुक्तान गरीसकेपछी सदस्यता छोड्न चाहेमा त्यस्ता सदस्यको सेयर फिर्ता दिनु पर्छ। यदी कुनै सदस्यले संस्थालाई हानीनोक्सानी हुने क्रियाकलाप गरेमा र बारम्वार सम्झाउदा पनि नमानेमा सञ्चालक समितिले त्यस्ता सदस्यलाई हटाउन सक्ने

छ । हटेको सदस्यले साभारणसभामा पुनरावेदन दिन सक्ने छन् । साधरण सभाको निर्णय अन्तिम हुने छ ।

## २. दोश्रो सिद्धान्त : सदस्यहरुको प्रजातान्त्रिक नियन्त्रण

सहकारी संस्थामा सदस्यको नियन्त्रण रहन्छ। यसको विनियमको निर्माण र विकास सदस्यहरुले नै गर्दछन् । यसका सदस्यहरुले कती सेयर किनेका छ भन्ने मान्यताका आधारमा नभइ सवै सदस्य समान हुन भन्ने मान्यतामा एक सदस्य एक भोटका आधारमा सदस्यले संस्थामा नियन्त्रण गरेका हुन्छन । प्रत्येक सदस्यले चुन्ने र चुनिने अधिकार राख्दछन । सदस्यहरु आफुहरु मध्येवाट सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति छान्ने काम गर्दछन। सहकारीमा प्रोक्सी मत प्रयोग गर्न पाइदैन। एक व्यक्ति एक मतका आधारमा चुने चुनिएका पदाधिकारीले सहकारी सञ्चालन गर्दछन । यसमा विशेष समुह वा वाह्य पक्षको हस्तक्षेपलाई स्विकार गरिदैन सदस्यहरु साधारणसभामा सार्वभौम हुन्छन। प्रत्येक वर्ष साधारणसभा अनिवार्य गर्नु पर्छ । साधारण सभाले नै वार्षिक कार्यक्रम पास गर्ने, लेखापरिक्षक नियुक्ति गर्ने, सञ्चालकहरुको मूल्यांकन गर्नेजस्ता महत्वपुर्ण काम गर्दछन । सहकारीले सचेत नेतृत्व विकासकालागि सदस्यहरुमाफ नियमित प्रशिक्षण सञ्चालन गर्नु पर्छ। सहकारीको नेतृत्व र जिम्मेवारी परिर्वतन गर्दै लानुपर्छ। यी प्रयोगवाट सहकारीमा सदस्यको प्रजातान्त्रिक तरिकाले नियन्त्रण भइरहेको हुन्छ ।

## ३. तेश्रो सिद्धान्त : सदस्यहरुको आर्थिक सहभागिता

सहकारी सदस्यले आफ्नो सहकारीमा अनिवार्य रुपमा आर्थिक सहभागिता राख्नुपर्दछ। यसको पहिलो खुडकिलो भनेको यसको सेयर लगानी गर्नु पर्दछ । सेयर किनेपछि संस्थाको सदस्य भइन्छ । त्यसपछिको योगदान भनेको आफ्नो सहकरीले गर्ने आर्थिक कारोवारमा सहभागि हुनु हो । सहकारीले गर्ने व्यवसायिक कारोवारमा सदस्यले योगदान गर्दैनन भने त्यस्ता सदस्यतलाई राखिराख्नुको औचित्य समाप्त हुन्छ । त्यसैले आर्थिक कारोवारमा संलग्न नहुने, हुन नसक्ने वा हुन नचाहने सदस्यलाई हटाउनु पर्दछ। कारोवारमा सहभागिता राख्नेलाई मात्र सदस्य बनाउनु पर्दछ। यदी अधिक सदस्यहरु आफ्नो सहकारीको सेवा उपभोग गदैनन् भने त्यस्तो सहकारी विघटन गरिदिए हुन्छ। भएका सदस्यहरुमध्ये शतप्रतिसत सदस्यहरुले आर्थिक कारोवारमा सहभागि हुनु राम्रो हो। नब्वे प्रतिशतसम्म सदस्यले कारोवार गर्दा नराम्रो भनिहाल्न मिल्दैन तर असी प्रतिशत भन्दा कम सदस्यले मात्र आर्थिक कारोवार गर्दछन् र यस्तो संख्या लगातार बढदै गएए सहकारीको औचित्य समाप्त हुन जान्छ ।

कारोवारवाट हुने नाफावाट वोनसको रुपमा अधिकतम् वार्षिक १८ प्रतिशतसम्म लाभांस उपलब्ध गराउन पर्छ । बढी कारोवार गरेर संस्थाले आर्जन गरेको मुनाफामा बढी योगदान गर्ने सदस्यलाई संरक्षित पुँजी कोषवाट केही लाभांस फिर्ता गर्ने व्यवस्था गर्नु पर्दछ । यसरी सहकारीमा सदस्यहरुको आर्थिक सहभागिता र मुनाफामा सदस्यको अधिकार स्थापित गरिन्छ ।

## ४. चौथो सिद्धान्त : स्वयतता र स्वतन्त्रता

सहकारीमा सदस्यहरुको नियन्त्रण र सहयोग रहन्छ । यसमा बाह्य हस्तक्षेप स्वीकार्य

हुदैन । सहकारीले वाह्य निर्भरर्तालाई बढ्यो भने सहकारीमा वाहिरी हस्तक्षप वढ्ने खतरा रहन्छ । सदस्यहरुको आत्मा सहयोग र आन्तरीक स्रोतको परिचालनले सहकारीको स्वयत्तता एवम् स्वतन्त्रताको रक्षा गरिरहेको हुन्छ । सदस्यले प्रजातान्त्रिक विधिवाट छानेको प्रतिनिधीहरुले यसको संचालन गर्दछन् । लेखा सुपरिवेक्षण समितिले आन्तरिक नियन्त्रणमा महत्वपुर्ण भुमिका निर्वाह गर्दछ । सञ्चालक समिति र लेखा सुपरीवेक्षण समिति साधारण सभाप्रति उत्तरदायि हुन्छ । हरेक वर्ष गरिने साधारण सभा सहकारीको सर्वोच्च निकाय हो । साधारण सभाले नै वर्षभरी भए गरेका काम कारवाहीको मुल्याँकन गर्छ, नीति वनाउदछ । लेखा परीक्षकको नियूक्ती गर्छ । संस्थाले संस्था र सदस्यको हितका लागि प्राकृतिक व्यक्तिसरह कनुनी अधिकार राख्दछ । प्रचलित कानुनको अधिनमा रही आफना सदस्यलाई दण्ड जरिवाना गर्न सक्छ सदस्यसंग बक्यौता असुल उपर गर्ने, मिनाह वा छुट दिने, अनुदान दिने , प्रोत्साहन गर्ने गर्न सक्छ । सामाजिक हित हुने र वातावरणिय सुधारका काम गर्न सक्छ । सम्पती वेचविखन गर्न, खरिद गर्न, सामाजिक कार्यमा दान गर्न सहकारीले कसैको निर्णय कुर्नुपदैन र यसले अरुको दवावमा काम गर्नु पनि पर्दैन । आत्मनिर्भता यसको आदर्श हो । त्यसैले सहकारीले कसैको हस्तक्षेप स्वीकारदैन । सहकारीको सञ्चालनमा यो पुर्ण रुपमा स्वायत्त र स्वतन्त्र छ तर यसको अर्थ यसले अरु कसैको कुरै सुन्नु पर्दैन, अरुलाई केही जानकारी नै दिनुपर्दैन । प्रचलित कानुनको पालना नै गर्न पदैन भन्ने होइन । यो सिद्धान्तको शही विश्लेषण गर्न नसक्दा कहिले सहकारी पुर्ण स्वतन्त्र छ पुर्ण स्वतन्त्र छ यसले अरुको सरोकार राख्नु पर्दैन भनेर बुझ्ने र कहिले लौ न हाम्रो सहकारी सरकारले पो चलाइदिने हो त भनेर बुझ्ने गरेको पाइन्छ ।

## ५. पाँचौ सिद्धान्त : शिक्षा, तालिम र सूचना

सहकारीले आफ्ना सदस्यको क्षमता वृद्धि गर्न निरन्तर शिक्षा तथा तालिमका कार्यहरु चलाउनु पर्दछ । यस्तो कार्यक्रमवाट सदस्यको व्यवसायिक क्षमता वृद्धि हुन्छ । सामाजिक पहुँचको विकास हुन्छ । सदस्यको व्यवसायलाई सहयोग पुग्ने तालिम दिन पर्दछ, सूचना उपलब्ध गराउनु पर्दछ । यसका अतिरित्त सदस्य र समुदायको स्वस्थ्य र शिक्षामा सघाउ पुर्याउने, सामाजिक हित हुने, कामको शिक्षा, तालिम र सूचना दिनु पर्दछ । सहकारीका सवै काम कार्वाही पारदर्शी हुनुपर्दछ । यसरी चलाईने शिक्षाको उद्देश्य सदस्यको आय आर्जनमा सहयोग, क्षमताको विकास, सामाजिक पहुँचमा वृद्धि, सामाजिक सदभाव र सहयोगी भावनाको विकास, अरुको हेरचाह, समुदायप्रतिको जिम्मेवारी वोध आदी हुनुपर्दछ ।

सहकारीले सदस्य बनाउनुभन्दा पहिला नै पूर्वसदस्य शिक्षा दिन सक्छ । सदस्यको जानकारीको लागि आफ्ना मुख्य गतिविधि र कारोवारको जानकारी सूचनापाटीमा राख्नुपर्दछ । यो सवै गर्न सहकारीले आर्जन गरेको मूनाफाबाट केही रकम कोषको रुपमा छुट्याएको हुनुपर्दछ । यो कोषको रकम यही उद्देश्यमा अनिवार्य खर्च गर्नु पर्दछ । सुरुमा यस्तो रकम खर्च नगर्दा संस्थाको कोष वलियो भएको मान्न सकिएला तर कालान्तर सम्म सहकारीलाई दिगो वनाइराख्न कोष मात्रै वलियो वनाउने नभइ सदस्यको चेतना र क्षमता वलियो हुनुपर्दछ । सहकारीमा विश्वासको वातावरण वन्नुपर्दछ । त्यसका लागि यो सिद्धान्तको व्यवहारीक प्रयोग अनिवार्य छ ।

## ६. छैटौं सिद्धान्त : सहकारी सहकारी विचमा सहयोग

सहकारी सहकारी वीच एक आपसमा सहयोगको भावना र सोही अनुरुप कार्य हुनु पर्दछ। एउटा सहकारीले अर्को सहकारीलाई सदैव सहयोगीको रुपमा हेर्नु र व्यवहार गर्नु पर्दछ । सहकारी सहकारी विचको एकताले सहकारी व्यवसाय र सहकारी भावनाको उन्नती हुने गर्दछ । त्यसैले सहकारी संघ संस्था आफुभन्दा माथिल्ले निकायमा निकायमा संगठित हुने गर्दछन भने समान स्तरका संघसंस्थाले व्यवसाय, सूचना, शिक्षा तथा तालिम आदिमा सहकार्य गर्दछन् । माथिल्लो संघले आफ्ना सदस्यलाई सूचना तालिम परामर्श आदी उपलब्ध गराउदछ र संरक्षण गर्दछ। आफ्ना सदस्यहरु सहकारीको मूल्य मान्यता र सिद्धान्त बमोजिम चले नचलेको अध्ययन गरेर सहि सुझाव र मार्गनिर्देशन गर्दछ। यसकालागि सदस्य संघसंस्थाले सदस्यता शुल्क, सेवा शुल्क, परामर्श शूल्क आदितिर्नु पर्दछ ।

## ७. सातौं सिद्धान्त : समुदायप्रतिको चासो

सहकारी संस्था प्रत्यक्ष रुपमा सदस्यको सम्पती र अप्रत्यक्ष रुपमा समुदायको सम्पत्ती हो । समुदायका मानिसले सहकारीमा पँहुच पाउनुपर्दछ । सहकारीले व्यवसायवाट आर्जन गरेको मुनाफा समुदायका सवै मानिसले उपभोग गर्न सक्ने सामाजिक कार्यमा खर्च गर्नु पर्दछ। जस्तै स्कुल, वाटो, चौतारा, पुल, अशक्त अपांगलाई सहयोग तथा हेरचाह, सरसफाई, वातावरणीय सुधार वृक्षारोपण आदीमा सहयोग गर्नु पर्दछ किनकी यीनको उपयोग कुनै वर्ग, जात, धर्म वा राजनीतिक मानिसले मात्र नभई सवैले गर्न पाउदछन् । त्यसैले यस्ता क्षेत्रमा लगानी गर्नू पर्दछ तर समुदायका खास मानिसको मात्र उपयोग गर्ने गरी चन्दा वा दान दिन हुदैन ।

**शुभकामना**

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसारको अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

**जालपा मा. वि., नुनथला**

दि.रु.म.न.पा.- १३, नुनथला, खोटाङ
मकरचन्द्र राई, प्रधानाध्यापक, ९८२३००४२३४
विमला राई,
विद्यालय सञ्चालक समिति अध्यक्ष, ९८०३८७६११३
एवम्, विद्यालय परिवार

**शुभकामना**

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसारको उपलक्ष्यमा हाम्रा ग्राहकवर्ग एवम् देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

साथै यहाँ विभिन्न आकर्षक रेडिमेड कपडा पाउनुका साथै सर्टिङ सुटिङ सहित विभिन्न स्कुल तथा क्याम्पसका ड्रेसका कपडाहरु उपलब्ध छ।

प्रोप्राइटरः दिनेश राज भण्डारी

**दुर्गा फेन्सी स्टोर्स**

दिक्तेल-१, रत्नपार्क, खोटाङ
सम्पर्क नम्बरः ९८५११५४३३५

# नेपाली युवाको विदेश पलायन

**मीनकुमार दाहाल**
**सहायक प्राध्यापक**

सृष्टिको अब्बल प्राणीको रुपमा मानिसलाई लिइन्छ । मानव बिकासको क्रममा अन्य प्राणी भन्दा फरक हुनु उसको चेतना र शिक्षा हो । आदिम कालमा मानिस जंगली युगमा थियो । त्यस वेलाको समाज साम्यवादी युगको चरण हुदा मानिसहरु अशिक्षित थिए । जब मानिसले घरबास बसाउन सरुवात गरे तब मानिसलाई गन्तीको आवश्यबता पर्यो । त्यसैले गणितको विकास भयो । पछि समाजशास्त्र, राजनीतिशास्त्र, व्यापार र उद्योग हरेक क्षेत्रको विकास क्रमिक रुपमा आवश्यकता पर्यो । यो बुझ्ने र बुझाउने क्रममा मानिसलाई शिक्षाको आवश्यकताको महसुस भयो । त्यसैले मानिसले औपचारिक वा अनौपचारिक शिक्षा लिन थाल्यो ।

सुरुमा ऋषिमुनिबाट गरिएको गुरुकुलबाट नेपालीहरुले शिक्षा लिइएको इतिहास छ । नेपालमा औपचारिक शिक्षा लागू भएको धेरै भएको छैन । पृथ्वीनारायण शाहले नेपाल राज्यहरुको एकिकरण गर्नुपूर्व टुक्रा टुक्रा राज्यमा आ-आफ्नै खालका शिक्षाहरु थिए । नेपालको एकिकरण पछि मात्रै विस्तारै औपतारिक शिक्षाको थालनी भयो । वि.सं. १९०३ सालमा राणा शासन लागू भएपछि आफ्ना परिवारभित्रका सदस्यहरुलाई मात्रै शिक्षा दिने नीति वनाइयो । अन्यलाई शिक्षा दिन वञ्चित गरियो । नेपनलमा पहिलो पाठशाला दरबार हाइस्कुलमा संस्कृत शिक्षा अध्ययन गराइन्थ्यो । विस्तारै विस्तारै त्यसपछि एउटा दुइटा विद्यालय खुल्दै जान थाले । त्यहाँ सबै खाले नागररिकले अध्ययन गर्न नपाउने र नसक्ने स्थिति थियो । त्यसबेला लुकीछिपी र भारतमा गएर शिक्षा लिइन्थ्यो । नेपालमा शिक्षाको कानुन वि. सं. १९९६ सालमा ल्याएर नियमन गर्न खोजेको पाइन्छ ।

त्यस्तै वि. सं. २००७ सालमा नेपालमा प्रजातन्त्र आयो । तब नेपालमा शिक्षा लिन खुला गरियो । त्यसपछि विद्यालयहरु खुल्दै गए । चेतनाको अभाव र आर्थिक अभावले सबै जनताले शिक्षा लिन सक्ने अवस्था थिएन । विद्यालय खोल्ने नीति, भौतिक खभाव र दक्ष जनशक्तिको व्यवस्था समस्या थियो । १० वर्षपछि वि. सं. २०१७ सालमा पञ्चायती निरङकुश शासन व्यावस्था लागू भएपछि राजाको गुनगान गाउने पञ्चायती शिक्षा सुरु गरियो । शिक्षामा केही गर्न खोजे पनि सबैलाई समेट्न सकेको थिएन । त्यसबेला महत्वपूर्ण काम शिक्षा २०२८ लागू गरियो । जुन हालसम्म पनि विसौ संशोधन भएर पनि कायमै छ ।

वि. सं. २०४७ सालपछि नेपालमा बहुलीय व्यनवस्था लागू भएपछि शिक्षालाई अनिवार्य र निःशुल्क शिक्षा सुरु भयो । त्यसपछि नेपालमा विस्तारै विद्यालयहरु खुल्न थाले । सबै नेपालीहरुले शिक्षा पाउने व्यवस्था गरियो । यस विचमा शिक्षामा थुप्रै सुधार र बहसहरु भए । वि.सं. २०७२ सालमा

नेपालमा नयाँ सम्बिधान लागू भएपछि शिक्षालाई अझ सर्वव्यापक वनाउन प्रयास गरिएको छ। तथापि सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका छैनन्। नेपालको पछिल्लो तथ्याङ्क अनुसार ९४ प्रतिशत मात्रै बालबालिकाहरु प्राथमिक तहमा भर्ना भएका छन् । ती विद्यार्थीहरु कक्षा ८ मा पुग्दा धेरैले ड्रपआउट गरेको पाइन्छ। कक्षा १० मा जम्मा भर्ना भएका चार लाख पचास हजार जति विद्यार्थीहरु एसइइ परीक्षामा सम्मिलित हुन्छन् । लगभग वर्षेनी ४५-५० प्रतिशत मात्र विद्यार्थीहरु मुस्किलले न्यूनतम जिपिए ल्याएर पास पास हुन्छन् कोही ग्रेड सुधार मार्फत उतीर्ण हुन्छन्। ती विद्यार्थीहरु कक्षा १२ सम्म पुग्दा लगभग चार लाख मात्रै रहन्छन्। हाललाई कक्षा १२ लाई एसएलसी मानिन्छ। यसले नेपालको श्रम वजारमा योग्य नागरिकको रुपमा आउने आधारभुत तह मानिन्छ। लगभग २ लाखले सामान्य ग्रेड प्राप्त गरी उतीर्ण हुन्छन् । यी १२ बक्षा पास गरेका विद्यार्थीहरु उच्च शिक्षा अध्ययन गर्न र विभिन्न सरकारी रोजगारीका खोजीमा रहन्छन्। शिक्षक दुई लाख मध्ये ४हजार जतिको मात्रै नयाँ विज्ञापन खुल्छ। लाइसेन्स लिनु पर्ने खटाइ बढी ज्याला कम भएका यता आकर्षण देखिदैन। हाल नेपालमा निजामती कर्मचारीहरु १ लाख २० हजार जति होलान। वार्षिक ३ हजार २ सय जति नयाँ विज्ञापन खुल्छ । सेना पुलिसमा २ जति दरवन्दी छन् । वार्षिक ८ हजार जति नयाँ कोटामा भर्ना खुल्छ । अरु बाँकी सबै बेरोजगार वा निजी क्षेत्रबाट रोजगारी खोज्नु पर्ने छ । केही समय अगाडि वेरोजगार युवाहरु रोजगारी खोज्नु पर्ने छ ।

केही समय अगाडि वेरोजगार युवाहरु रोजगारीको रुपमा खाडीमुलक जाने गरेको थियो। लगभग ८ लाख युवा खाडीमुलकमा कामको रोजगारीमा जाने गरेको तथ्याङ छ। । धेरै युवाहरु स्वदेशमा ५ लाख युवा उच्च शिक्षा र लोकसेवाको तयारी नेपालमा अध्ययन गर्ने गरेको पाइन्थ्यो । तर पछिल्लो केही वर्षयता कक्षा १२ तथा त्यो भन्दा माथिल्लो शैक्षिक योग्यता भएका विद्यार्थीहरु उच्च शिक्षाको नाममा यूरोप, अमेरिका, वेलायत, अस्ट्रेलिया तगायत अन्य देशमा अध्ययनका लागि राम्रा दिनानुदिन थुप्रै जेहेन्दार र क्षमता युवाहरु विदेश पलायन भइरहेकाछन्। अरबौ रकम विदेश जाने भएकोले आर्थिक रुपले देश दिनानुदिन खोक्रो बन्दै गएको छ। त्यसले ती बौद्बिक युवाहरु विदेशमा उतै पलायन हुने र हाल नेपालका उच्च शिक्षा अध्ययन गर्ने शैक्षिक संस्थाहरु खाली हुदै गएका छन्। थुप्रै प्राध्यापकहरु वेरोजगार हुदैछन् ।

शहरीकरणले गाउँ रित्तिदै छ। यो क्रम दिनानुदिन बढ्दै जाने हो भने हाम्रो मुलुक कस्तो हुने हो यहाँ बस्ने नेपालीहरुलाई निकै कष्ट र नेपाल नै रहने नरहने अवस्थासम्म पुग्न सक्छन्। त्यसकारण यहाँ आफन्तको मृत्यु हुदा लास लैजाने मान्छे नहुने वा लास कुर्नु पर्ने अवस्था आएको छ । भरखरै नेपालका उच्च तहका नेता सुवासचन्द्र नेम्बाङका दुबै छोरा विदेश भएकाले ३ दिनसम्म लास राख्नु परेको अवस्थाले पनि प्रष्ट देखिन्छ कि अरु नेपालीहरु यहाँ रहन सक्लान कि नसक्लान । यस विषयमा सबैभन्दा पहिला राज्यले गभ्भिर भएर सोच्नुपर्छ। त्यसपछि यसदेशमा रहने सबै नागरिकले सोच्नुपर्छ। नेपालको भविष्य कस्तो हुने हो । यो उच्च स्तरका नेतृत्वदेखि तल्ला स्तरका जनतासम्म चासो हुनु पर्छ ।

# सामाजिक परिवर्तन : कारण र प्रभाव

**देव कुमार राई**
**सहायक प्राध्यापक (समाजशास्त्र)**

## के हो सामाजिक परिवर्तन ?

सामान्यतय सामाजिक परिवर्तन भन्नाले समाजमा आएको हलचल हो । तर यसलाई वृहद रुपमा हेर्ने हो भने सामाजिक संरचना र सङ्गठनमा आउने परिवर्तन भन्ने बुझ्नु पर्दछ । अझ विस्तृतमा भन्नु पर्दा सामाजिक संरचना, सामाजिक एकाइ, सामाजिक संस्था, सामाजिक अन्तर्क्रिया, सामाजिक सम्बन्ध, सामाजिक प्रकृया आदिमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ । यसै विषयमा J. Wilbert ले सामाजिक परिवर्तन भनेको समय अन्तरालमा आउने सामाजिक र साँस्कृतिक परिवर्तन हो भनेका छन् । MacIver ले मानवीय सम्बन्धमा परिवर्तन आउनु लाई सामाजिक परिवर्तन मानेका छन् ।

यसरी हेर्दा सामाजिक परिवर्तन भन्नाले सामाजिक संरचना, एकाइ, संस्था, सम्बन्ध, अन्तर्क्रिया आदिमा आउने परिवर्तन साथै समाजको स्वरुप र व्यक्तिमा आउने दुरगामी परिवर्तन हो भन्न सकिन्छ । त्यसैले सामाजिक परिवर्तन भन्नाले समाजको बहुआयमिक परिवर्तनलाई बुझ्न सकिन्छ । Ginsberg ले "सामाजिक संरचना जस्तो समाजको आकार, बनावन वा यसका भागको सन्तुलन वा यसका संगठनका प्रकारमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन हो," भनेका छन् ।

## सामाजिक परिवर्तनका कारणहरु

समाज परिवर्तनका थुप्रै कारणहरु छन् । विषय र प्रसङ्ग अनुसार समाज परिवर्तनका कारणहरु उल्लेख गर्न सकिन्छ । कुमार राउत (२०७७) ले राजधानी दैनिकमा समाज परिवर्तनका कारणहरु उल्लेख गर्दै भनेका छन् :

समाज परिवर्तन एक नियमित प्रक्रिया हुँदाहुँदै पनि समाज परिवर्तनमा विभिन्न तत्वहरूले महत्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् । मानसिको मनोवैज्ञानिक सोच, परिपूर्ति गर्नुपर्ने सामाजिक आवश्यकता, सामाजिक सक्षमता विकासको जरुरी, सामाजिक समस्या र द्वन्द्वको निराकरण, प्राकृतिक वातावरणसँग समरूप सम्बन्ध स्थापना, मानिसको जन्ममृत्यु र बसाइँसराइको प्रवृतिमा परिवर्तन, व्यक्तिगत एवं सामाजिक मूल्यमान्यतामा आएको बदलाब, सूचना सम्बन्ध र नेटवर्कको विस्तार तथा प्रविधि परिवर्तन आदि समाज परिवर्तनका कारणहरू हुन् ।

विशेषगरी दोश्रो विश्वयुद्ध पछि विश्वमा आएको परिवर्तनका क्रममा शहरीकरण, औधोगिकीकरण आदिले स्थानीय संस्था, परिवार, नाता सम्बन्ध, चिन्तन, व्यवहार आदिमा परिवर्तन आई ग्रामीण प्रवृतिबाट शहरी प्रवृतितर्फ समाज उन्मूख भएको देखिन्छ । साथै युद्धको क्रममा पृथ्वीका

सबै ठूला शक्तिहरुले आफ्नो सैन्य, आर्थिक, औधोगिक, वैज्ञानिक र मानव संसाधन एक रणनीतिक प्रयासमा प्रयोग गरे, जस्ले गर्दा यी सबै क्षेत्रहरुमा ईतिहासको पाठ्क्रममा परिवर्तन भयो ।

समाज परिवर्तनको सन्दर्भमा दिपेश घिमिरे (२०७३) ले Clickmandudu मा लेखेकाछन् :

कार्ल मार्क्स भन्छन्, आधार संरचनाले अधिसंरचनालाई निर्धारण गर्दछ। मार्क्सले अर्थतन्त्रलाई आधार संरचनाको रुपमा लिएका छन् भने राजनीति, व्यवहार, चरित्र, शिक्षा, स्वास्थ्य आदिलाई अधिसंरचनाको रुपमा व्याख्या गरेका छन् । आधार संरचना अर्थात नेपाली समाजको उत्पादनको स्वरुपमा परिवर्तन आएको छ । खासगरी नेपाली समाज पछिल्लो तीन दशकयता सामन्तवादी उत्पादन प्रणालीबाट मुलतः पूँजीवादी उत्पादन प्रणालीमा प्रवेश गरेको छ। जग्गा जमिनमा आधारित उत्पादनलाई छाडेर नेपाली समाज पुँजीमा आधारित उत्पादनमा अघि बढेको छ । गुजारामुखी अर्थतन्त्रलाई विस्तारै छाड्दै व्यापारिक कृषिमा अघि बढेको छ। उद्योग, कल कारखानाको महत्व बढ्दै गईरहेको छ । पहिलाको भन्दा अहिले पैसाको महत्व वढ्नुको खास कारण यही उत्पादन प्रणालीमा आएको परिवर्तन नै हो । वास्तवमा व्यक्तिको चरित्र, वानी व्यवहारमा परिवर्तन आउनुको कारण पनि यही नै हो ।

समाज परिवर्तन बारे मानिसहरुको आ-आफ्नो विचार रहेता पनि सबै विचारहरुलाई समेट्दा निम्न कारण समाज परिवर्तन हुनसक्दछ :

प्राविधिको विकासः प्राविधिक आविष्कारहरूले महत्त्वपूर्ण सामाजिक परिवर्तन ल्याउन सक्छ। उदाहरणका लागि, इन्टरनेटको आविष्कारले सञ्चार, वाणिज्य आदिलाई रूपान्तरण गरेको छ, जसले सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनहरू निम्त्याउँछ।

आर्थिक : अर्थतन्त्रमा परिवर्तनहरू, जस्तै कृषिबाट औद्योगिक वा औद्योगिकबाट सूचनामा आधारित अर्थतन्त्रमा परिवर्तनले सामाजिक संरचना र मूल्यहरूमा गहिरो प्रभाव पार्न सक्छ।

जनसांख्यिकीय : जनसंख्या वृद्धि, बुढ्यौली जनसंख्या, बसाइसराइ र पारिवारिक संरचनाहरूमा परिवर्तनहरू सबैले सामाजिक परिवर्तनमा योगदान दिन सक्छन्। यी कारकहरूले समाजको संरचना र गतिशीलतालाई असर गर्छ।

राजनीतिक : राजनीतिक सक्रियता र सामाजिक आन्दोलनहरूले नागरिक अधिकार, लैङ्गिक समानता, वातावरण संरक्षण र अन्य सामाजिक मुद्दाहरूको वकालत गरेर परिवर्तनलाई परिवर्तन गर्न सक्छन्।

संस्कृति : सांस्कृतिक मूल्य र मान्यतामा आउने परिवर्तनले सामाजिक परिवर्तन ल्याउन सक्छ। यी परिवर्तनहरू कला, सञ्चार, शिक्षा वा विकसित सामाजिक मनोवृत्तिद्वारा सञ्चालित हुन सक्छ।

वातावरण : वातावरणीय परिवर्तनहरू र संकटहरू, जस्तै जलवायु परिवर्तनले समाजको

व्यवहार, प्रविधि र नीतिहरूमा अनुकूलन आवश्यक हुन सक्छ, जसले सामाजिक परिवर्तनलाई निम्त्याउँछ ।

शिक्षा र सूचना : शिक्षा र सूचनाको पहुँचले व्यक्ति र समुदायलाई सशक्त बनाउन सक्छ, जसले सामाजिक चेतना र व्यवहारमा परिवर्तन ल्याउन सक्छ ।

कानुन र नीति : कानुन र सरकारी नीतिहरूमा परिवर्तनहरूले सामाजिक संरचना र व्यवहारमा गहिरो प्रभाव पार्न सक्छ । उदाहरणका लागि नागरिक अधिकार, स्वास्थ्य सेवा र सामाजिक कल्याणसँग सम्बन्धित कानुनले महत्त्वपूर्ण सामाजिक परिवर्तन ल्याउन सक्छ ।

सहरीकरण र बसाइसराइ : ग्रामीणबाट शहरी क्षेत्रहरूमा र क्षेत्र वा देशहरू बीचको मानिसहरूको आवागमनले सामाजिक गतिशीलतालाई परिवर्तन गर्न सक्छ, किनकि शहरीकरणले प्रायः जीवनशैली, मूल्यमान्यता र आर्थिक गतिविधिहरूमा परिवर्तन ल्याउँछ ।

द्वन्द्व र सङ्कट : युद्ध, क्रान्ति, र प्राकृतिक प्रकोपहरूले विद्यमान सामाजिक संरचनाहरूलाई बाधा पुऱ्याउन सक्छ र शासन, बसाइसराइ ढाँचा र सामाजिक मान्यताहरूमा परिवर्तन ल्याउन सक्छ ।

वैज्ञानिक आविष्कारहरू : विज्ञान र प्रविधिको प्रगतिले विद्यमान विश्वास र अभ्यासहरूलाई चुनौती दिन सक्छ, जसले सामाजिक मूल्य र व्यवहारमा परिवर्तन ल्याउन सक्छ ।

भूमण्डलीकरण : राष्ट्रहरू बीचको बढ्दो अन्तरसम्बन्ध र अन्तरनिर्भरताले संस्कृति, व्यापार र अन्तर्राष्ट्रिय सम्बन्धहरूलाई प्रभाव पार्न सक्छ, जसले स्थानीय र विश्वव्यापी स्तरहरूमा सामाजिक परिवर्तनहरू निम्त्याउँछ ।

त्यसैले, सामाजिक परिवर्तन प्रायः उल्लेख गरिएका बुँदाहरूको संयोजनबाट प्रभावित क्रमिक र जटिल प्रक्रिया हो र सामाजिक परिवर्तनका विशिष्ट कारणहरू एक सन्दर्भबाट अर्कोमा भिन्न हुन सक्छन् ।

## सामाजिक परिवर्तनका प्रभावहरु

सामाजिक परिवर्तनले व्यक्ति, समुदाय र समाजमा व्यापक प्रभाव पार्न सक्छ । यी प्रभावहरू सकारात्मक र नकारात्मक दुवै हुन सक्छन् र जीवनका विभिन्न पक्षहरूमा प्रकट हुन सक्छन् । यहाँ सामाजिक परिवर्तनका केही प्रमुख प्रभावहरू छन्ः

साँस्कृतिक परिवर्तन : सामाजिक परिवर्तनले प्रायः सांस्कृतिक मान्यता, मूल्य र अभ्यासहरूमा परिवर्तन ल्याउँछ । नयाँ विचारहरू, विश्वासहरू, र चलनहरू देखा पर्न सक्छन्, जसले मानिसहरूको जीवन र अन्तरक्रिया गर्ने तरिकालाई असर गर्छ ।

आर्थिक प्रभावहरू : आर्थिक संरचना र प्रणालीहरू सामाजिक परिवर्तनले महत्त्वपूर्ण रूपमा प्रभाव पार्न सक्छ । प्रविधि, भूमण्डलीकरण, र आर्थिक नीतिहरूमा परिवर्तनहरूले रोजगारी ढाँचा, आय वितरण, र सम्पत्ति संचयमा परिवर्तन ल्याउन सक्छ ।

राजनीतिक परिवर्तन : सामाजिक परिवर्तनले राजनीतिक संरचना र विचारधाराहरूलाई प्रभाव पार्न सक्छ। नागरिक अधिकार, लोकतन्त्र र सामाजिक न्यायको आन्दोलनले सरकारको नीति र शक्तिको गतिशीलतामा परिवर्तन ल्याउन सक्छ।

शैक्षिक अवसरहरू : सामाजिक परिवर्तनले शिक्षामा पहुँच र सीमान्तकृत समूहहरूको लागि शैक्षिक अवसरहरूमा सुधार ल्याउन सक्छ, जसले सामाजिक गतिशीलता र असमानता कम गर्न सक्छ।

लैङ्गिक भूमिका र समानता : सामाजिक परिवर्तनले परम्परागत लैङ्गिक भूमिकाहरूलाई चुनौती दिन र लैङ्गिक समानतालाई बढावा दिन सक्छ। यसले पारिवारिक गतिशीलता, कार्यस्थल अभ्यासहरू, र सामाजिक अपेक्षाहरूमा परिवर्तन ल्याउन सक्छ।

स्वास्थ्य सेवा र कल्याण : स्वास्थ्य सेवामा प्रगति र सार्वजनिक स्वास्थ्य नीतिहरूमा परिवर्तनहरूले समग्र कल्याण र जीवन प्रत्याशा सुधार गर्न, रोगहरूबाट मृत्यु दर घटाउन र जीवनको गुणस्तर सुधार गर्न सक्छ।

पर्यावरणीय प्रभाव : सामाजिक परिवर्तनले वातावरणीय चेतना र नीतिहरूलाई प्रभाव पार्न सक्छ। वातावरणीय संरक्षण र दिगोपनका लागि आन्दोलनहरूले स्रोत व्यवस्थापन र वातावरण संरक्षण प्रयासहरूमा परिवर्तन ल्याउन सक्छ।

प्रविधि र सञ्चार : प्रविधि र सञ्चारमा भएको प्रगतिले जडान र सूचनामा पहुँच सुधार गर्न सक्छ तर गोपनीयता चिन्ता र डिजिटल विभाजनहरू जस्ता चुनौतीहरू पनि निम्त्याउन सक्छ।

सामाजिक आन्दोलन र सक्रियता : सामाजिक परिवर्तन प्रायः तल्लो तहको आन्दोलन र सक्रियताबाट उत्पन्न हुन्छ। यी आन्दोलनहरूले महत्त्वपूर्ण मुद्दाहरूमा ध्यान पुऱ्याउन र सामाजिक र नीति परिवर्तनको लागि धक्का दिन सक्छन्।

द्वन्द्व र अशान्ति : कतिपय अवस्थामा, सामाजिक परिवर्तनले द्वन्द्व र अशान्ति निम्त्याउन सक्छ, विशेष गरी यदि परिवर्तनको प्रतिरोध छ वा केही समूहहरूले परिवर्तनबाट सीमान्तकृत वा बेफाइदा महसुस गरेमा।

साँस्कृतिक विविधता : सामाजिक परिवर्तनले साँस्कृतिक विविधता बढाउन सक्छ किनभने समाजहरू धेरै बहुसाँस्कृतिक र अन्तरसम्बन्धित हुन्छन्। यसले विभिन्न संस्कृतिहरूको अधिक सहिष्णुता र प्रशंसाको परिणाम हुन सक्छ।

सहरीकरण र बसाइँसराइ : समाजमा हुने परिवर्तनले सहरीकरण र बसाइसराइलाई निम्त्याउन सक्छ, जसले सहरी योजना, पूर्वाधार र स्रोतको वितरणमा असर पार्न सक्छ।

सामाजिक असमानता : सामाजिक परिवर्तनले असमानता कम गर्न काम गर्न सक्छ, तर यसलाई सही ढङ्गले व्यवस्थापन गर्न नसक्दा यसले झन् झन् झन् बढाउँछ। तीव्र परिवर्तनको अवधिमा आर्थिक र सामाजिक असमानता फराकिलो हुन सक्छ।

पहिचान र सम्बद्धता : समाजमा हुने परिवर्तनले व्यक्तिगत र सामूहिक पहिचानलाई असर गर्न सक्छ, जसले गर्दा आफन्त र साँस्कृतिक संरक्षणका प्रश्नहरू उत्पन्न हुन्छन् ।

सामाजिक परिवर्तनका प्रभावहरू परिवर्तनको प्रकृतिको आधारमा व्यापक रूपमा भिन्न हुन सक्छन् । केही व्यक्ति र समूहहरूले सामाजिक परिवर्तनबाट लाभ उठाउन सक्छन्, जबकि अरूले चुनौती र प्रतिरोधको सामना गर्नुपर्ने हुन्छ । सामाजिक परिवर्तनको प्रभावकारी व्यवस्थापनमा प्रायः सम्भावित नकारात्मक प्रभावहरूलाई सम्बोधन गर्ने र समतामूलक परिणामहरूको लागि प्रयास गर्नुपर्ने हुन्छ ।

**Reference**


Castles, Sephen (2001) 'Studying social transformation, *International Political Science Review* .

Haralambos, M . , Holborn, M . , Chapman, A . , & Moore, S . (2018) . *Sociology* . London: Collins .

Neupane, D . (2018) . *Theories of Social Change and Development* . Kathmandu: Kalinchok Pushtak Prakashan .

Sztompka, Piotra (1993a) *The Sociology of Social Change* . Oxford and Cambridge: Blackwell

पौडेल, टं. (२०७६). सामाजिक परिवर्तन र विकासका सिद्धन्तहरु. काठमाडौंः क्वेस्ट पब्लिकेशन प्रा.लि.



**शुभकामना**

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसार को अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**महेन्द्रोदय मा.वि., ओखे**

दिप्रुङ चुइचुम्मा गाउँपालिका- २, डाँडागाउँ, ओखे, खोटाङ

जीत बहादुर थापा, प्रधानाध्यापक, ९८६९३११०७२

केदार परियार,

विद्यालय सञ्चालक समिति अध्यक्ष

९८४१४४६४४८

एवम्, विद्यालय परिवार



**शुभकामना**

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसार को अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**याङ्सोला मा.वि., याङ्सोला**

दिप्रुङ चुइचुम्मा गाउँपालिका- ३, छोरम्बु, याङ्सोला, खोटाङ

शहरमान राई, प्रधानाध्यापक, ९८१५७४२६३६

बदिराम राई,

विद्यालय सञ्चालक समिति अध्यक्ष ९७६१६१८३५३

एवम्, विद्यालय परिवार

# दिक्तेल क्याम्पसमा अध्ययन गर्दाको अनुभव

**मित्रनाथ खनाल**
**बी.एड. तेस्रो वर्ष**

नेपालको कोशी प्रदेशको खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल बजारमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी २०३७ साल असोज १६गते सामुदायिक क्याम्पसको रूपमा दिक्तेल बहुमुखी क्याम्पसको स्थापना भएको पाइन्छ । यस क्याम्पसमा हाल

कक्षा ११ देखि स्नातकोत्तर तहसम्मको कार्यक्रम रहेको छ । यस क्याम्पसमा मानविकी, शिक्षाशास्त्र र व्यवस्थापन सङ्कायको पढाइ स्नातक तहमा हुने गर्दछ भने स्नातकोत्तर तहमा मानविकी र शिक्षा सङ्कायअन्तर्गत पढाइहुने गरेको पाइन्छ ।

जब म मित्रनाथ खनाल खोटाङ, जिल्ला अन्तर्गत दोर्पा चिउरीडाँडामा ९/१० कक्षामा अध्ययन गर्दै गर्दा उच्चशिक्षा पढाइहुने क्याम्पस दिक्तेल बहुमुखी क्याम्पस छ भन्ने सुनेको थिएँ । त्यसै अनुसार मैले २०७४ सालमा S.E.E.दिएपछि २०७५ को असारमा नतिजा प्रकाशनभयो । त्यसपछि मैले के पढ्ने?कुनविष  पढ्ने?कुन क्याम्पसमा कुनठाउँमा पढ्ने भनेर आफ्नो मनमा खुलदुली हुन थाल्यो र मलाई दाइदिदीहरुले दिक्तेल पढ्नु भनेर सुझाव दिनुभयो र सोही बमोजिम २०७५ को साउन महिनाको अन्त्यतिर दिक्तेल आएँ,दिक्तेल आए पश्चात् म २०७५ साउन ३० गते दिदीसँग दिक्तेल क्याम्पस गएँ तर पहिलो दिन कुन कक्षामा पढाइहुन्छ केही थाहा थिएन। त्यसकारण दिदीसँग गएको हुनाले दिदीले मलाई कक्षा चिनाइ दिनुभयो ।कक्षामा जाँदा सबै साथी नयाँनया ँथिए केही  साथीहरुसँग सोही दिन चिनजान भयो भने अन्य केही साथीसँग अर्को दिन गर्दै बिस्तार ै चिनजान हुन थाल्यो ।

पहिलो दिनक यास्पस जाँदा सबै शिक्षक विद्यार्थी नयाँनयाँ हुनुहुन्थ्यो । म क्याम्पस गएको पहिलो दिनको पहिलो घण्टी रामप्रसाद राई सरको रहेछ । सबै साथीहरु नयाँनयाँ हुनाले परिचय कार्यक्रम गर्‍यौं ।त्यस पछि बिस्तारै अन्य साथीहरुसँग चिनजान हुँदै गयो । त्यस पश्चात् दिक्तेल क्याम्पसमा कक्षा ११ माशिक्षाशास्त्र सङ्काय अन्तर्गत मुख्य विषय गणित लिएर अध्ययन गर्न सुरुवात गरियो। सुरुसुरुमा नया ँक्याम्पस तथा साथीहरु नया ँभएकाले पनि होला अध्ययन गर्न अलिक कठिन लाग्यो ।तर दिक्तेल बहुमुखी क्याम्पसमा अध्यापन गराउने प्राध्यापकहरु एकदमै धेरैंअनुभवी हुन ुहुँदोरहेछ ।त्यसकारण अध्यापन गराउँदा सरल किसिमले गर्नुहुन्थ्यो ।

दिक्तेल बहुमुखी क्याम्पसमा २०७५ सालमा म कक्षा ११ माअध्ययन गर्न जाँदा एक वटा मात्र RCC भवन रहेको थियो ।जुनभवनमा BBS पढाइ हुन्थ्यो भने शिक्षाशास्त्र र मानविकी लगायत पुस्तकालय भवनको जिर्ण अवस्था थियो । कक्षाकोठामा व्यवस्थित रुपमा डेक्सबेन्चको व्यवस्था पनि राम्रो थिएन ।झन् मेजर विषय अध्ययन गर्नको लागि कक्षाकोठा पनि पर्याप्त थिएनन् र मेजर विषय पढ्न जुन कक्षा खाली छ त्यसमानै खोजी खोजी पद्नुपर्ने अवस्था रहेको थियो । यस क्याम्पसमा अध्यापन गराउन ुहुने प्राध्यापकहरु भने धेरै नै अनुभवी हुनुहुन्थ्यो । कुनै घण्टी खाली हुना साथ पढाउन आइहाल्नुहुन्थ्यो । कक्षा ११को राष्ट्रिय परीक्षा बोर्डले २०७६को जेष्ठमा बोर्ड परीक्षा लिएका ेथियो भने कक्षा १२ को बोर्ड परीक्षा आउने बेलामा२०७६को चैत्रमा कोरोनाभाइरस आएको हुनाले उक्त परीक्षा२०७७ को मंसिरमा मात्र भएको थियो । त्यसकारण केही ढिलाभएको थियो र नतिजापनि केही समय ढिलाआएको थियो ।

२०७७ को अन्त्यतिर स्नातक तह पहिलो वर्षमा भर्ना भएको थिएँ।उक्त समयमा दिक्तेल बहुमुखी क्याम्पस QAA को प्रक्रियामा पनि थियो ।पहिलो वर्षको परीक्षा २०७८ को फागुन महिनामा भएको थियो भने दोस्रो वर्षको कक्षा २०७८ को चैत्रबाट सुरु भएको थियो । दोश्रो वर्षको परीक्षा त्रिभुवन विश्वविद्यालयले २०८० श्रावण महिनाम ।लिएको थियो र अहिले स्नातक तह तेस्रो वर्षमा अध्ययनरत छु ।

## मेरो विचारमा दिक्तेल बहुमुखी क्याम्पसको पाँच वर्षमा भएको परिवर्तन

२०७५को साउन महिनाको अन्त्यतिर दिक्तेल बहुमुखी क्याम्पस जान सुरु गर्दा सुरु सुरुमा पर्याप्त भवन र कक्षा कोंठा पनि थिएनन भने अहिले २०८० मा आइपुग्दा पर्याप्त कक्षाकोठा र डेक्सबेन्च व्यवस्थापन गरिएको छ । २०७५ मा एक वटामात्र RCC भवन रहेको दिक्तेल बहुमुखी क्याम्पसमा हाल १ वटा पक्की पुस्तकालय भवन १ वटा पक्की भवनमा सभाहल र प्रशासनिक हल रहेको छ भने २ वटा पक्की भवनमा पढाइभइ रहेको छ । हालदिक्ते लबहुमुखी क्याम्पसमा इ.लाइब्रेरी रहेको छ भने पुस्तकालयमा पनि नयाँनयाँ पुस्तकथप्ने क्रमजारी रहेको छ। हाल दिक्तेल बहुमुखी क्याम्पसमा क्यान्टिनको पनि व्यवस्था रहेको छ । प्राध्यापकहरुले पनि नियमित रुपमा अध्यापन गराइ रहनुभएको छ । समय-समयमा विभिन्न अतिरिक्त क्रियाकलापहरु भइरहन्छन् र उक्त कार्यक्रममा विद्यार्थीको उल्लेख्य सहभागिता भएको पाइन्छ । हाल दिक्तेल बहुमुखीक याम्पसमा QAA को सबै मापदण्ड पूरा गरी PRT Visit भइसकेको र QAA प्राप्तगर्ने अन्तिम चरणमा पनि पुगेको छ । त्यसकारण स्वच्छ र शान्त वातावरणमा पढाइहुने दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययन गरौं ।

**शुभकामना**

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसारको उपलक्ष्यमा हाम्रा ग्राहकवर्ग एवम् देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं। साथै

यहाँ काठबाट निर्माण हुने सबै प्रकारका फर्निचरका सामग्रीहरु निर्माण गर्नका साथै सुपथ मूल्यमा बिक्री गरिन्छ।

प्रोप्राइटरः हर्कराज राई

**गणेश फर्निचर उद्योग**

दिक्तेल-१, रत्नपार्क, खोटाङ

सम्पर्क नम्बरः ९८६२८४७३३०२

**शुभकामना**

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४४, छठ पर्व, उँधौली पर्व र ल्होसारको उपलक्ष्यमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

**रामप्रसाद राई**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-३, बाम्राङ, संखु

९८६२९७७०७९

# देशप्रेम

**एल्मिका राई**
**स्नातक, तेस्रो वर्ष शिक्षाशास्त्र सङ्काय**

मान्छे जन्मिएपछी उसको लालनपनलनको निम्ति विविध व्यवस्थाहरु चाहिन्छ। सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक व्यवस्था आदि मुख्य छन् । यी व्यवस्थाहरुको परिचालनको निम्ति एउटा मुख्य तन्त्र हुन्छ, जसलाई हामी देश भन्छौ । देश वास्तवमा भौगोलिक अनि केही नैतिक मापदण्डहरु सित परिकल्ति रुपमा तयार गरिएको एउटा क्षेत्र हो । संसारमा अनेक देशहरु छन् तर ती देश हुनु पछाडी आ-आफ्नो मापदण्डहरु र त्यहाँका नियम प्रणालीहरु छन् । फरक नियम, मापदण्डभएपनि देश प्रतिगरिने माया, सद्भाव सधैं अमर रहन्छ । आफू जन्मिएको जन्म भूमि प्राण भन्दा प्यारो लाग्छ । त्यसैले भनिन्छ 'जननी जन्मभुमिश्च स्वर्गादपि गरीयसी'

हो जननीको उपस्थिति बिना जीवन भेटिन्न अनि जन्मभुमिको अस्तित्व बिना व्यक्तिको परिचय रहन्न । जीवन पाउनु मात्र ठुलो कुरो होइन त्यस भन्दा झन महत्वपूर्ण कुरा अस्तित्वपुर्ण जीवनको प्राप्ति हो । त्यसैले त मेरो भूमि प्यारो छ । माटोसँगको नाता गहिरो छ । म धर्तीकै सन्तान हुँ किनभने मेरी आमाको आधार पनि यही धर्ती नै त हो ।

मान्छे र माटो बिचको सम्बन्ध नै त वास्तवमा देशप्रेम हो, देशप्रतिको भक्ति हो । यो धर्ती र पुर्खाले ठड्याएको सभ्यता र यो देशको सम्पूर्णता नै मेरा लागि सर्वस्व हो । विश्वमा असङख्य प्राणीहरु छन् तर सबैभन्दा चेतनशील प्राणीमा मानिस पर्दछ। मानिसले पाएको यही चेतनाको धरोहर नै उसको परिचयको र शक्तिशाली उपस्थितिको मापदण्ड हो। देशका लागि ऊ सधै नतमस्तक रहन्छ, माटोलाई नाघ्ने क्षमता उसमा हुदैन किनभने माया, ममता र भावना भनेको उसका अमूर्त विश्वास हुन । माटो नै उसको शक्तिको स्रोत हो । देशप्रेम नै मानिसलाई अजर पार्ने सञ्जीवनी हो ।

नेपालको इतिहासलाई पल्टाएर हेर्ने हो भने भक्ति थापाको मृत्युमाम आफ्नो जीवन छाम्छु, अमर सिंहको वीरताले अहिले पनि जोस, जागर दिन्छ। पृथ्वीनारायण शाहको सम्मान बिना मेरो आधार लर्बराउँछ र म आफ्नो अस्तित्व बिलाएको महसुस गर्छु। मालाई संसारको लामो नाइल नदी चाहिँदैन बरु पहाड र मधेस भिजाउँदै बग्ने हिमाली चिसो पानी चाहिन्छ, हीरा र सुनका गहना होइन, जीवनको अटुट् माया चाहिन्छ। उसलाई सिँचाइ गरेर म आफ्नो जन्मभूमिमा मानवताको फूल फूलाउन सकूँ। हामीलाई थाहा छ, जन्मेपछि मर्नु भनेको प्रकृतिको नियम हो तर देशलाई प्रेम गर्ने मान्छे मर्दैन । धर्तीका कणकणमा मानिसका विचारका प्रत्येक बिन्दु बिन्दुमा ऊ बाँचिरहन्छन् । देशप्रेमी कहिले मर्दैन, देश प्रतिको प्रेम कहिले सकिँदैन ।

देश गरिब हुन सक्छ, कमजोर हुन सक्छ, अभावमा बाँचेको हुनसक्छ तर देशप्रेमी सुखमा भन्दा दुखमै पनि धैर्यका साथ त्यसको प्रगतिका लागि सधैं लागिरहन्छ । म आफ्नो देश नेपाल भएकोमागर्व गर्छु किनभने मलाई 'नेपाली' विशेषण यहि नेपालले दिएको हो । मलाई देश भक्तिको पाठ यहींको मनोरम प्रकृतिले सिकाएको छ । म गरिब हुन सक्छु, अभावमा रहन सक्छु तर आफ्ना आँखा बेचेर महलमा बस्दिन, खुट्टाकाटेर स्टिलको बैसाखी म टेक्दिनँ, मस्तिष्क बन्दकी राखेर म अर्काको दासतालाई कुनै हालतमा पनि स्वीकार गर्दिनँ । म देशको सद्भाव, आनन्द र उन्मुक्तिमा रमाउँछु अनिआफ्नो ज्ञानको बत्तीले यो देश उज्यालो बनाउन चाहन्छु ।

सानो मुटुमै पनि म देशको विशालता बोकेर हिँडछु । नेपाली हुनुमा म गर्व गर्दछु । तँलाई के चाहिन्छ ? भनेर कसैले सोधे मेरो एउटै उत्तर हुनेछ – 'नेपाल' !

# कविता



**लमी शेर्पा, बी.ए. दोस्रो**

आँखामा झलझली याद छ
हुन त आमा भन्ने शब्द नै काफी छन
प्रत्येक सन्तानको गल्तिमा माफी छन
तोते बोली देखिको सिकाइ
फकाउन दिएको मिठाई
तस्वीर छैन तर झलझली याद छ ।

सन्तानको लागि भोक नभन्ने
सन्तानको खुसी नै सबथोक हो भन्ने
तिमी नै त रइछौ आमा निस्वार्थ प्रेम गर्ने
तस्वीर छैन तर झलझली याद छ ।

ति अबोध बालकको दुःखपिर कति सह्यौ ?
सन्तानको लागि ज्यान बाजी राख्यौ
दूधे बालकलाई घरमा छाडि मेलापात गर्ने
तस्वीर छैन तर झलझली याद छ ।

खुसी, ज्ञानीहुनु भन्थ्यौ तर छाडीगयौ
दूधे बालक छोडीजाँदा भन के पायौ ?
दूधे बालक काखमा रुँदा
हरेक पल तिम्रो सम्झनमा तस्विर छुँदा
रोएको तस्विर छैन तर झलझलि याद छ ।

बाले पीडा शब्दमा व्यक्त गर्न नसक्दा
सन्तान प्रतिको भूमिका ऐक्लैले निभाउनु पर्दा
खाली जस्तै सुनसान घर, किचन देख्दा
यो मन कहाँ शान्त हुन्छ र !

दूधे बालक काखमा च्याँच्याँ रुँदा
आँखामा आइसकेको आँसुले मन पोल्छ
आमा बिनाको घर हेर त ! भनेको सुन्दा
बाँच्ने आश मरेर आँउछ

बिचरा ति बालक टुहुरा भनेको सुन्दा
हामीअजम्मरी को नै पो छौं र ?
आमा तिम्रो मायालाई सम्मान छ
आज साथमा छैनौ तर
आँखामा सम्झना झलझली याद छ ।

# खोज

कविता



- अनिसा रम्तेल
खोटाङ, बुइपा-१४,बी. एड. तेस्रो वर्ष

होहल्लाको सहरमा
गुमनाम छ, सुनसान छ उसको अस्तित्व
अझै खोजीरहेछ आफू हुनुको महत्व
यो कुरा आजको हैन
आजभन्दा पाँच हजार वर्ष अघिको हो
ऊ अझै आफ्नै लागि आफैं लडिरहेको छ

ऊ आफूमाथि भएको अन्याय विरुद्ध बोल्न
खुब आँटहरू बटुल्छ, फेरि बटुल्छ, फेरि
बटुली..रहन्छ
छरिन्छन् फेरि आँटहरु अनि ऊ बुझ्छ
अझै यस्ता कयौं पाँच हजारमा पनि यी आटँहरु
समेटिँदैनन्
अरुको कलमले परिवर्तन काव्य लेख्छ
उसको कलम त्यहीँ रोकिन्छ जहाँबाट काव्यको
सुरुवात हुन्छ ।

उसले बजाउने ढोल झ्याम्टा, उसकै खिसीमा
बजिरहन्छन्
उसले बनाएका गरगहना उसकै नामलाई बिजाइ
रहन्छन्
उसले बनाएका कपडा उसकै लाचारतालाई
घुम्टो ओढाइ रहन्छन्
ऊ नौलो बेहुली जस्तै चार दिवार भित्र चुपचाप
छ

ऊ आफ्नै जन्मसँग प्रश्न गर्छ, अनि कर्मसँग
सम्झौता
उसका लडाइँ आफैसँग छन्, आफ्नै कर्मसँग
छन् ।
ऊ अरुलाई सजाइ रहन्छ, आफू विरुप देखिएर
ऊ अरुलाई रङ्गाइ रहन्छ, आफू कुरुप देखिएर
ऊ अरुलाई सबैलाई समेटी रहन्छ, आफू छरपस्ट
रहेर

ऊ ठाडो प्रश्न गरी रहन्छ
किन उसको सीप मन्दिरसम्म पुगेर पनि, ऊ
बाहिरै छ
किन उसको थाल भान्सासम्म पुगेर पनि, ऊ
जुठो छ
किन उसको गाग्री पानीसम्म पुगेर पनि, ऊ
अछुत छ

ऊ मानव भएर नि अमानव छ
उसको हातमा सीप भएर नि ऊ बेइज्जत छ
ऊ विजेतामा पराजितको स्थान पाउँछ
ऊ सधैं तल नै छ ऊ दलित हो
उसले छोएको सीप चल्छ पानी चल्दैन
ऊ दलित हो, दलितलाई मान्छे गनिँदैन

अरु पढेर विद्वान् बन्छन्, ऊ पढेर पनि दलित नै
रहन्छ
अरु पैसाले इज्जतदार बन्छन्, ऊ अझै घर
बाहिरै पर्खिनु पर्छ।

ऊ आफैं आफ्नो खोजमा दौडी रहन्छ
अनि भेट्छ निराशा गल्ली गल्लीहरुमा
कहिले कोठा त कहिले कोटाको नाममा
अनि कठिनपूर्ण लाग्छ फेरि परिवर्तनको खोज
जस्तै मरुभूमिमा पानीको खोज जस्तै
जस्तै खोलाबाट इन्द्रेणी निस्किने स्रोत जस्तै

वा भनौं उत्तरमा जस्तै तपाइँ 'तपाइँ' जस्तै
तर म, म नभएको अस्तित्वहिन म जस्तै !

# कविताः माइला

तिमी जूनताराको देशमा जाँदै गर्दा,
सके आदिम सभ्यताको बिरुवा रौप्दै जानू
नसके बिज छर्दै जानू
यात्रामा हजारौं भुलभुलैयाहरू भेटौला
खबरदार
नभुल्नू तिमीले उँभौलीमा साकेला नाचेको
उँधौलीमा पित्री पुर्खालाई पुजेको
नभुल्नू तिमीले तिम्रा चेली
साल्पा र बाराहालाई
नभुल्नू तिमीले सभ्यताको धरोहर
खुवालुङ र तुवाचुङलाई

तिम्रा सम्झनाहरुले खुबै सताउँछ ।
नपत्याए सोध न त्यो
लिम्चुङ्बुङ र बुकी फूललाई
जो तिम्रा स्वागतमा उभिएका छन्

तिम्रो गीत सुन्न नपाएर
सारा प्रकृति नै विरक्तिएका छन् ।
सुन्दै छु,
तिमी फर्कने छौ रे एकदिन
हाम्रो लिपीहरुको माला लगाएर
नौलो भाका बनेर
आस्थाका नयाँ जोर दियो बालेर
तिम्रो सिकुरीमा पर्खिरहने छिन् तिमीलाई
त्यो सिलीचुङको डाँडामाथि
तिम्लाई पाउँने झिनो आशा बोकेर ॥

**वेदना राई**
बी.एड. दोस्रो वर्ष

# गजल

टिलो सिक्का नै किन नहोस् गरिबले धन पाएको छ
जिउँदो हुँदा टालो थिएन, मरेपछि कफन पाएको छ ।

तिमीले छोडेर गए पनि साथको कमी छैन जीवनमा
आँखाहरुले आँसु अनि निद्राले ऐंठन पाएको छ

गुनासो गर्छौ कि गर्व गर्छौ आफ्नो त्यागलाई तिमी ?
तिम्रो प्रेमको मृत्युसँगै फूलले नयाँ जीवन पाएको छ

हामी खुसी छौँ आफ्नो-आफ्नै भागको अंशबन्डामा
मैले बा'आमा रोजें भाइले घर र आँगन पाएको छ

यस्तो समयमा कुपी निभ्न दिनु हुन्न थियो तपाईंले
भर्खर मात्रै दुश्मनको हातले मेरो गर्धन पाएको छ ॥

**–विशाल विहानी**
**भूतपूर्व विद्यार्थी**

# कविता: धन.....



**कविता घिमिरे**
**बी.ए. दोस्रो वर्ष**

ईष्टमित्र फुटाउने
दाजुभाइ कुटाउने
शत्रुहरु जुटाउने
तर पनि महान् नै छौ तिमी
आफ्नो इज्जतैसम्म लुटाउने

विदेशिन्छन् तिमीलाई कमाउन
थोरै माथ्लो खुड्किलो समाउन
दुःख बिर्सी जब थाल्छन् रमाउन
तर पनि महान् नै छौ तिमी
सरम छैन कसैका खुसीहरू बाकसमा जमाउन

कसैले तिमीलाई कमाउँदै जाने
त कसैले जमाउँदै जाने
तर पनि महान् नै छौ तिमी
कोही फाटेकैमा रमाउँदै जाने
पुग्छ भन्दैनन् कसैले

मान्छेलाई मान्छे गन्दैनन् कसैले
तर पनि महान नै छौ तिमी
आज दया माया जान्दैनन् कसैले

सबै तिमीलाई कमाउन आत्तिने
आफ्नै हातमा सबै समाउन तात्तिने
तर पनि महान् नै छौ तिमी
फेरि पाएपछि किन सबै मात्तिने

न त आफैँले छाप्न मिल्छ
न त मर्दा सँगै राख्न मिल्छ
तर पनि महान् नै छौ तिमी
न त यसले अमर भई बाँच्न मिल्छ ।

## मिलन र बिछोडका केही मुक्तकहरू

१. नभएपछि समान औकात केही लागेन ।
जोड्न त जोडेकै हो हात केही लागेन ॥
हजार पटक प्रेम प्रस्ताव राख्दा पनि
भनेपछि मिल्दैन हाम्रो जात केही लागेन ।

२.आज फेरि समय अनुकुल जस्तो लाग्छ ।
विगतका ती दुःखहरु भूल जस्तो लाग्छ ॥
हिजोसम्म झरेको पात झैं लाग्ने जीवन
भेटेपछि तिमीलाई फुलैफुल जस्तो लाग्छ ।

३. यो मनमा धेरै पीडाहरु लुकाउनु छैन अब
सम्हालेर राख्छु आँसु सुकाउनु छैन अब ॥
तिम्रो लागि अयोग्य भएनी चल्छ जिन्दगी
सम्झेर तिमीलाई मुटु दुखाउनु छैन अब ।

४. म ठिक छु वा बेठिक छु राय दिन सक्छौ ।
के गर्नु पर्छ जीवनमा उपाय दिन सक्छौ ।
तिमी मलाई प्रेम गर या घृणा गर तिम्रो खुसी
मैले त तिमीलाई मनपराएँ सजाय दिन सक्छौ ।

**–अजय चाम्लिङ राई**
**बी.एड. दोस्रो वर्ष**

कविता

# दुखित छिन् नेपाल आमा

आफ्ना सन्तानहरू कति निष्ठुर छन् ?
त्यसैमा नेपाल आमा दुखित छिन्
एक अर्कामा साथ रहोस्
एनको कामना यहि छ ।
तर................,
सन्तानमा त्यो आत्मभाव पाउन नसकेकाले
छाती चिरिएको छ नेपाल आमाको
आफ्ना सन्तानको बदनामपूर्ण रमिताले
बिछिप्त छिन् नेपाल आमा
कुनै सन्तान टुका टुका गर्ने खेलमा
सताइरेछन् आमालाई झगडाले
तैपनि पीडा महसुस छैन उनलाई
सन्तान यस्तै हुन्छन् उनको बुझाइ छ ।
नेपाल आमा दुखित छिन् यस अर्थमा
सन्तानलाई एक अर्कामा चोट पर्छ कि भनी
सन्तान खुनी होलान् कि चिन्ता छ उनलाई
उनको छाती चिरा परेपनि सहन्छिन् बरु
सन्तानको झगडा सह्य मान्दिनन्
महान छातीमा खेल्ने सन्तान अविवेकी भएकामा
दुःख लागेको छ उनलाई
कोहि महिसासूर र कोहि भस्मासुर
कोहि चण्डाल चतुर त
कोहि निम्छरा निमुखा
साधुपनि त छन् नि मेरा सन्तान
उनको पुकारा यही छ कि
सन्तान-सन्तान नलडून्
एक अर्कामा सदभाव र सदाचार छाओस्
ज्ञानी, विवेकी र सदगुणी बनून्
मेरा सन्तानहरू ।
ध्याउन्न छ उनमा एउटा मात्रै
